**जाडोको समयमा चीसोबाट बचौं**
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर २८ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 14 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०४

## सिम्रौनगढ नपामा शिक्षक आन्दोलनले उग्ररूप लियो

# प्रहरीसँग भिडन्त, गोली प्रहारबाट एकजना युवकको मृत्यु

रामेश्वर मेहता, सिम्रौनगढ, २७ मङ्सिर/

तलब माग गर्दै ५७औं दिनदेखि धर्नामा बसेका सिम्रौनगढ नगरपालिकाका शिक्षकहरू र प्रहरीबीच बुधवार भएको झडपमा प्रहरीले चलाएको गोली लागेर एकजना सर्वसाधारण युवकको मृत्यु भएको छ भने तीनजना वृद्ध, एकजना बालक र १० जना प्रहरी घाइते भएका छन् ।

गत बिहीवारदेखि नगरपालिका अन्तर्गतका ३५ वटै सामुदायिक विद्यालय बन्द गरेर धर्नासहितको आन्दोलन गर्दै आएका शिक्षकहरूसँग आज दिउँसो दुई बजे नगरप्रमुख किशोरीप्रसाद कलवारले प्रमुख प्रशासकीय अधिकृत महेश मिश्रलाई कार्यालयभित्र लैजाने क्रममा विवाद भएको थियो ।

विवादका बीच नगरप्रमुख कलवार कार्यालयमा पसे पनि प्रमुख प्रशासकीय अधिकृत मिश्रसँग शिक्षकहरूको विवाद भएको थियो । सो क्रममा आन्दोलनरत शिक्षकहरूले प्रमुख प्रशासकीय अधिकृत चढेको गाडी तोडफोड गरे । त्यसपछि आक्रोशित शिक्षकहरूले नगरपालिका कार्यालयअगाडि टायर बालेर कार्यालयमा तालाबन्दी गर्न खोजे । स्थिति तनावपूर्ण बन्दै गएपछि दिउँसो दुई बजे जिल्ला प्रहरी कार्यालय, बाराबाट थप प्रहरी बल परिचालित गरियो ।

प्रहरीसँग पनि विवाद भयो, सो क्रममा ढुङ्गामुढा भएपछि प्रहरीले लाठीचार्ज, अश्रुग्याँस प्रयोग गर्नुपर्‍यो र स्थिति नियन्त्रणमा नआएपछि गोली प्रहार गरेको थियो । गोली प्रहारबाट सिम्रौनगढ नपा–१ ननसगरा निवासी २५ वर्षीय युवक लक्ष्मी मुखियाको घटनास्थलमा नै मृत्यु भएको थियो ।

बारा प्रहरीले भने गोलीबाट मुखिया राणाले विज्ञप्ति जारी गर्दै सिम्रौनगढ नपाको आजको घटनामा १० जना प्रहरी घाइते भएको जनाएका छन् ।


तस्वीरः प्रतीक

घाइते भएका र उपचारको क्रममा नारायणी अस्पतालमा मृत्यु भएको जनाएको छ । घटनामा गोली लागेर थप एकजना घाइते भएका छन् । नाम थाहा नभएको ती व्यक्तिको खुट्टामा गोली लागेको छ ।

यसैगरी, ढुङ्गामुढा र लाठीचार्जमा तीनजना वृद्ध र एकजना बालक गरी चारजना घाइते भएका छन् । जिप्रका, बाराका प्रहरी निरीक्षक सोभनविक्रम

सिम्रौनगढ नपाको सामुदायिक विद्यालयहरूमा कार्यरत करार, अस्थायी र बालविकासका शिक्षक, कर्मचारीहरूले १४ महीनादेखि तलब पाएका छैनन् । उनीहरू लामो समयदेखि नपाको गेटमा धर्ना दिंदै आएका थिए । उनीहरूको धर्नामा पाँच महीनादेखि तलब नपाएका स्थायी शिक्षक, कर्मचारीहरूले गत बिहीवारदेखी समर्थन जनाएर आन्दोलनलाई थप ऊर्जा दिएका थिए ।

स्थायी शिक्षकहरूले सबै सामुदायिक विद्यालयमा तालाबन्दी गरेर साँचो प्रमुख प्रशासकीय अधिकृतलाई बुझाएर आन्दोलनमा होमिएका थिए । एक सातादेखि सो नपाका विद्यालयहरूको पठनपाठन बन्द छ ।

आज दिउँसोको घटनापछि दुई घण्टा तनावग्रस्त बनेको नगरपालिका कार्यालय क्षेत्र अहिले पूर्णरूपमा प्रहरीको कब्जामा छ । धर्ना दिएर बसेका शिक्षकहरू हटाइएका छन् । शिक्षकहरूले बिहान १० देखि अपराह्न ४ बजेसम्म धर्ना दिंदै आएका थिए ।

# एक क्षेत्र एक सडक योजना अलपत्र

प्रस, वीरगंज, २६ मङ्सिर/

मधेस प्रदेशका सदस्यहरूको महत्त्वपूर्ण योजना अन्तर्गत एकसेएक सडक योजना ठेकेदारका कारण अलपत्र अवस्थामा छन् ।

सङ्घीय सरकारको वित्तीय समानीकरणको रकमबाट मधेस प्रदेश सरकारबाट शिवाको कन्स्ट्रक्सन प्रालिले ठेक्का सकार गरे पनि अहिलेसम्म सरदर १५ प्रतिशत मात्र काम गरेको छ । जबकि यो ठेक्काको समाप्ति अवधि यही पुस मसान्तसम्म छ । ठेकेदार कम्पनीले अहिलेसम्म कामै नगरी बसेको पूर्वाधार कार्यालय, वीरगंजले जनाएको छ ।

पूर्वाधार कार्यालयका प्रमुख इन्जिनीयर दीपक मिश्रले शिवाकोले ठेक्का पाए पनि सो काम पर्सा जिल्लामा पप्पु कन्स्ट्रक्सनमार्फत गराइरहेको बताए ।


तस्वीरः प्रतीक

उनले पप्पुलाई समयमा काम सम्पन्न गर्न आफूले पटकपटक ताकेता गरेको तर उसले बेवास्ता गर्दै आएको आरोप लगाए । उनले यसरी अवज्ञा गरिएको कारण आफूले शिवाकोको बैंक ग्यारेन्टी जफतका लागि प्रक्रिया अगाडि बढाइसकेको बताए । उनले अहिलेसम्म १५ प्रतिशत कार्य प्रगति भएको र आगामी पुस मसान्तसम्म कुनै पनि अवस्थामा ठेक्का सम्पन्न नहुने बताए । उनले यस अवधिमा ठेकेदारले एक करोड पेश्की बुझेको तर सो बराबरको पनि काम नगरेको बताए । उनले ठेक्काको काममा ढिला भएको भनेर आफूलाई प्रदेशसभा सदस्यहरूले कार्यालयमा आएर दबाब दिइरहेको बताए । उनले केही प्रदेशसभा सदस्यहरूले समयमा काम सम्पन्न नभए

(बाँकी अन्तिम पातामा)



तस्वीरः प्रतीक

### ढोल पिटेर शिलान्यास, चुप्पी साँधेर प्रतिक्रिया

२० महीनाअघि प्रदेशसभा चुनावताका यो सडक निर्माणका लागि तँछाडमछाडको अवस्था थियो । त्यतिखेर चुनावी माहोलमा यो सडक निर्माणका लागि उम्मेदवारहरूले आआफ्नो क्षेत्रमा सडक शिलान्यासका लागि निकै होहल्ला गरेका थिए ।

शिवाकोबाट पेटी कन्टचाक्टमा काम सकारेका पप्पुले केही दमदार उम्मेदवारहरूको क्षेत्रमा सडक शिलान्यास पनि गराएको थियो । वर्षाको समयमा पनि शिलान्यास गरिएका सडकखण्डहरू अहिलेसम्म निर्माण नभएकोबारेमा न त निवर्तमानले, न त वर्तमान प्रदेशसभा सदस्यहरू प्रतिक्रिया दिने मनस्थितिमा छन् ।

हतारहतार शिलान्यास गरेर चुनाव प्रचार गरेका प्रदेशसभा सदस्यहरू अहिले चुनाव सकिएको २० महीना बितिसक्दा पनि १५ प्रतिशत मात्र काम भएको र बाँकी काम एक महीना अवधिमा सम्पन्न नहुने देखेपछि चुप बसेकोमा सम्बन्धित क्षेत्रका जनता आक्रोशित छन् । अहिले यसबारेमा जनताले प्रदेशसभा सदस्यहरूसँग सोध्दा उनीहरूले ठेकेदार कम्पनी जवाफदेही हुने प्रतिक्रिया दिने गरेको एकजना स्थानीयले बताए ।

चुनावताका आफ्नो प्रयासमा शिलान्यास गरिएको र तोकिएको अवधिमा जसरी पनि सडक कालोपत्र हुने नेताहरूले उद्घोष गरेका थिए ।

# माछाले बचाएको जीराभवानीको मुसहरबस्ती

प्रस, सेढवा, २७ मङ्सिर/

सोमवार बिहानै भगवनियादेवी मुसहरिन खाना खाएर जाडोमा काम्दै जिल्लाको दक्षिणी भेगतिर छिटोछिटो हिंड्दै थिइन् । उनले काखामा प्लास्टिकको बोरामा केही भाँडाबर्तन बोकेकी थिइन् । हुस्सु लागेको र चीसोमा उनी सल ओढेर माछा मार्न जाँदै थिइन् ।

मुसहरिनको यो दैनिकी हो, उनी माछा मारेर बिक्री गरी जीविका चलाउने गर्छिन् । जाडो होस् अथवा गर्मी जस्तोसुकै मौसम भएपनि मुसहरिनको लागि माछा मार्नु अनिवार्य छ । माछा नमारेको दिन उनी र उनका घरपरिवारका सदस्य भोकै बस्नुपर्छ । माछा मारेर बजारमा लगेर बिक्री गर्ने र त्यसैको आम्दानीबाट घर खर्च चलाउने गरेको मुसहरिन बताउँछिन् । माछा नमारेको वा मारेर पनि बिक्री नभएको दिन घरमा चुलो


तस्वीरः प्रतीक

बल्दैन र परिवार भोकै सुत्न बाध्य हुन्छ, उनी भन्छिन् ।

यो समस्या उनको मात्र होइन, जीराभवानी गाउँपालिका–२ सेढवाका मुसहरबस्तीका अधिकांश परिवारको हो । मुसहरबस्तीमा करीब ८० परिवार छन् र यसमध्ये ७५ परिवारको दैनिक गुजाराको माध्यम माछा हो । धेरै गर्मी र धेरै जाडोमा उनीहरूको पेशा सङ्कटमा पर्ने गर्छ तर पनि कष्टकर तरीकाबाट माछा मार्ने र बिक्री गर्ने कार्यलाई उनीहरू विराम दिन सक्दैनन् ।

अहिले चीसो बढेको छ, बिहानको हुस्सुमा ग्रामीण क्षेत्रमा रहेका खोला, नदी, जलाशयबाट माछा मारेर नजीकको बजारमा बिक्री गर्नुपर्ने उनीहरूको बाध्यता छ । मुसहरहरूले माछा मारेर छिमेकी भारतको इनर्वा, नेपालको जानकीटोला, पिडारीगुठी, परसवा, सेढवा, नौकाटोला, सुपौली, सखुवनिया बजारमा बिक्री गर्ने भगवनीयादेवी मुसहरिन बताउँछिन् ।

उनले पेशा परिवर्तन गर्न नसकेको र जतिसुकै जाडो अथवा गर्मीमा पनि कष्ट भोगेर माछा मार्नै पर्ने बताइन् । उनले अहिले चीसो छ, घरमा आगो तापेर बस्न सकिंदैन, चीसो पानीमा माछा मार्नुपर्छ, हातखुट्टा पानीमा पर्दा चीसोले काटिएकोझैं महसूस हुन्छ तर आफू र परिवारको निम्ति कष्ट सहेरै भएपनि काम त गर्नुपर्छ, मुसहरिनले दुःखेसो पोख्दै भनिन् ।

मुसहरटोलका झोहर माँझी बिहानै खाना खाएर १० देखि १५ किलोमिटर टाढा जलाशयमा माछा मार्न जानुपर्ने आफ्नो दैनिकी रहेको बताउँछन् । माछा मार्न जाँदा आवश्यक सामग्री कोदालो, अन्य भाँडाबर्तनलगायतका सामान लिएर जाने गरेको उनले बताए । धोबिनी, छिपहरमाई गापा र छिमेकी भारतको सिकटा, मैनाटारस्थित नहरको पानी जमेको ठाउँबाट माछा मारेर ल्याउने गरेको माझीले बताए । उनले बिहानपख चीसोमा पानीमा पस्नुपर्ने हुँदा पराल बाली आगो ताप्दै माछा मार्ने गरेको बताए । उनले बग्ने खोलाको पानी अलिअलि न्यानो महसूस भएपनि पोखरीको पानी एकदमै चीसो हुने गरेकोले कष्ट हुने बताए ।

माछा मारे अनुसार दैनिक सयदेखि पाँच सयसम्म कमाइ हुने गरेको मुसहरटोलकी ठगियादेवी मुसहरिन बताउँछिन् । उनले बजारमा बिक्री नहुने दिन गाउँटोलमा घुमाएर बिक्री गर्ने र नगद नहुनेबाट चामलसँग माछा साट्ने गरेको बताइन् । उनले माछाको साथै

(बाँकी अन्तिम पातामा)

**विचारसार एवं सूक्तिहरू**

**कसैले के भन्छ त्यसको वास्ता नगर, किनकि तिम्रो घरको खर्च अरूले बेहोरिदिँदैन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# जलवायु परिवर्तनमा हिमाल

**जलवायु परिवर्तनका असर नेपालका हिमाली क्षेत्रमा प्रत्यक्षरूपले देखिन थालेका छन् । हिमाली क्षेत्रमा समयमा हिउँ नपर्दा पर्यावरणीय असन्तुलन देखा पर्न थालेको छ । कहिल्यै बर्खा नहुने स्थानमा पानी पर्ने र हिमनदी पग्लने क्रम तीव्र बनेको छ । हिमनदीको बहने धारसमेत बर्सेनि परिवर्तन हुने, गहिराइ र चौडाइ असामान्यरूपमा वृद्धि हुने क्रममा छ। सगरमाथा क्षेत्रमा पर्ने अग्ला हिमशृङ्खला एक/डेढ दशकअघिसम्म बान्है महीना हिउँले ढाकिरहन्थ्यो तर अहिले ती शिखर हिमशृङ्खला भन्न लायकका छैनन् । चाँदीका शिखरहरू हिउँ पर्न छाडेपछि काला पहाडमा परिणत भएका छन् । करीब एक दशकअघिसम्म घर नै पुरिने गरी हिउँ पर्ने क्षेत्रमा अहिले हिउँ देख्न मुश्किल छ । समयमा हिउँ नपर्दा वातावरणीय असन्तुलन हुने नै भयो । हिमाली क्षेत्रमा हरियाली देखिन छाडेको छ भने गुराँस फुल्ने समय परिवर्तन भइसक्यो । त्यसैगरी, हिमाली जडीबुटी पदमचाल, चिराइतो र सुनखरीको गुणस्तरमा समेत ह्रास आएको अध्ययनले देखाएको छ । जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पारेको असरलाई अब कुनै विशेषज्ञ अध्ययन अनुसन्धानविना नाङ्गो आँखाले समेत देख्न सकिने भएको छ ।**

**तराई तथा गर्मी स्थानमा देखिने परजीवी लामखुट्टे र सङ्क्रमक रोग डेङ्गु हिमालमा पुगिसक्यो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार एक/दुई वर्षअघिसम्म हरेक वर्षात्मा शून्य डेङ्गु सङ्क्रमण रहने डोल्पा, मुस्ताङजस्ता उच्च हिमाली क्षेत्रमा यो वर्ष १७ जनासम्म सङ्क्रमित पाइएको छ । डेङ्गु मात्रै होइन, पछिल्ला वर्षमा धेरै तापक्रम हुने तराई तथा अन्य केही पहाडी जिल्लामा मात्रै देखिने गरेको औलो तथा कालाजारजस्ता सङ्क्रमण उच्च पहाडी तथा हिमाली जिल्लामा देखिन थालेका छन् । जलवायु परिवर्तनको असरले गर्दा हिमालय क्षेत्र कालान्तरमा खतरामा पर्न सक्ने सम्भावना बढेको छ । हुनत विश्वव्यापी जलवायु परिवर्तनको असर नेपालको हिमाल, पहाड, तराई–मधेस सबैतर्फ नपर्ने कुरा रहेन, तर यसको असर पहाड र तराई–मधेसमा भन्दा पनि हिमालमा टड्कारो तथा प्रत्यक्ष देखिएका छन् । हिमाली क्षेत्रको असरको प्रभाव पहाड हुँदै तराई–मधेसतर्फ पनि परेको छ ।**

**नेपालको हिमाली क्षेत्रमा जलवायु परिवर्तनको प्रत्यक्ष असरलाई महसूस गरेर नै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले नेपाल भ्रमणको क्रममा हिमालमा जलवायु परिवर्तनले पारेका असरबारे विश्वको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गरेका थिए । जलवायु परिवर्तनले हिमाल र हिमाली क्षेत्रमा परेको असर न्यूनीकरणका लागि नेपाल सरकारले गम्भीरतापूर्वक काम गर्न आवश्यक छ । नेपाल कार्बन उत्सर्जनको कारक मुलुक होइन । फेरि पनि जलवायु परिवर्तनको मार खेप्नुपरिरहेको छ । यस सम्बन्धमा कोप–२८ मा केही कुराहरू उठेका छन् । नेपालको सन्दर्भमा शिखर सम्मेलनमा उठेका मुद्दालाई कार्यान्वयन तहसम्म पुऱ्याउन विश्व मञ्चमा नेपाल सरकारको तदारूकता जरुरी छ । सेतो हिमाल सगरमाथाको कथालाई विश्वसामु चिनाउन हाम्रा [redacted] थिए । उच्च, सेता, चम्किला [redacted] जीवित राख्नका लागि अबको [redacted] । नेपालको हिमालबाट जलवायु [redacted] लेखनीय परिणाम देखाउन सकियो [redacted] हरणीय बन्दै हाम्रो हिमालको कथा [redacted] छ ।**

# मानवको जैविक बुढ्यौली

**स्वतन्त्र विचार**




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**उमेर पूर्वको बुढ्यौली वा शरीरका महत्त्वपूर्ण अङ्गमा समयभन्दा पहिले आइदिने बुढ्यौलीले मानिसको आयु छोटिने कुरा वा पन्ध्र वर्षपछि कुनै दीर्घरोग रोक्न सक्नु चानचुने उपलब्धि हुनेछैन । वैज्ञानिकहरूको पूर्ण उपलब्धिको प्रतीक्षा सम्पूर्ण मानवलाई रहने छ ।**

के कुनै दिन यस्तो आउला, जहाँ मानिस बूढो हुँदैन ? यो त असम्भव वा अकल्पनीय प्रश्न हो भन्ने जस्तो लाग्न सक्छ तर आजभोलि विज्ञान र अध्ययन अनुसन्धानले बुढ्यौलीको कारणबारे खोज गरिरहेको छ । यसको अर्थ यो होइन कि मानिस बूढो नै हुँदैन । मानिस बूढो हुनुका कारणको खोजी एउटा सुन्दर पक्ष हो । कोही उमेर नपुग्दै बूढो देखिन्छन् र कोही उमेरले धेरै भए पनि बूढो देखिँदैनन् । उसो भए बुढ्यौलीको उमेर हुन्छ भन्न खोजेको हो ? के बुढ्यौलीको उमेर एक किसिमको छ त ? पक्कै पृथक छ । कुनै देशका नागरिक असी वर्षको उमेरमा पनि अत्यन्त सक्रिय जीवन बाँचिरहेका छन् भने कतै असी वर्षको उमेरले कामै गर्न नदिने अवस्था भइसकेको देखाएको छ । एकै समाजमा पनि शरीरको बनावटको आधारमा बूढो हुने कुरो अवधारणगत दृष्टान्त रहेको छ । ग्रामीण समाजमा सामान्यतया कस्तो अवधारणा छ भने शरीरको उचाइ कम हुने मानिसको शरीर छिटै बूढो देखिँदैन । हुनत बुढ्यौलीको परिभाषा र उपयोग समान किसिमको रहेन छ । नेपाल सरकारले पहिले ७० वर्षभन्दा माथिका मानिसलाई बुढ्यौली पेन्सन दिने गरेको थियो । अहिले ज्येष्ठ नागरिक सम्मान भन्न थालिएको छ । अहिले उमेर अलिकति घटाएको पनि छ । नेपालीको औसत उमेर बढ्दै गर्दा ज्येष्ठ नागरिक सम्मान पाउने उमेर घट्नु पृथक कुरा हो । नेपालीको औसत उमेर निरन्तर बढ्दै जाँदा उमेरगत क्रियाशीलता पनि बढ्दै गएको देखिएको छ । यो निकै सकारात्मक कुरा हो । हरेक वर्ष पहिलेभन्दा केही मानिस बढी ज्येष्ठ नागरिक सम्मान पाउनेमा थपिएका छन् । यसको अर्थ हो कि नेपालमा पहिलेभन्दा बढी उमेर बाँच्ने मानिसको सङ्ख्या बढिरहेको छ । र, नेपालीले बुढ्यौलीको उमेरलाई पनि बिस्तारै पछाडि धकेलिरहेका छन् । यो नेपालले निरन्तर गर्दै गएको प्रगतिको एउटा दृष्टान्त हो । यद्यपि सरकारी नोकरी वा सेवाका विभिन्न क्षेत्रमा सेवा निवृत्त हुने (बुढ्यौली हुने) उमेर पृथक रहेको र कुनै सरकारी सेवामा नरहेका नागरिकको लागि राज्यले दिने ज्येष्ठ नागरिक सम्मानको उमेर भने निवृत्त उमेरभन्दा झन् पृथक रहेको यथार्थमा, उमेरले बुढ्यौली हुने एउटा मान्यतालाई पृथक किसिमले परिभाषित गरेको अवश्य हो । तर व्यवहारमा भने उमेर र अङ्ग वा लक्षणले बूढो हुने कुरो पनि समाजले देखिरहेको छ, भोगिरहेको छ ।

उमेरभन्दा पहिले कोही बूढो देखिन्छ ? प्रश्न जटिल छैन तर जवाफ भने सहज छैन । स्पष्ट छ, कसैको अनुहारमा चाउरी पऱ्यो भने बूढो भयो भनिहाल्छौं । कसैको कपाल फुल्यो भने पनि बूढो भयो भनिहाल्छौं । यदि कोही छिटै हिंड्न सकेन, पहिलेजस्तो काम गर्न सकेन, कतिपय सन्दर्भ बिर्सन थाल्यो भने बूढोको उपमा दिइहाल्छौं । उसो भए हरेक अङ्ग एक साथ बूढो हुँदो रहेन छ । त्यसो भए कुनै अङ्ग उमेरभन्दा पहिले बूढो हुन्छ त ? शरीरभन्दा पहिले केही अङ्ग बूढो हुने अध्ययनले देखाएको छ ।

अमेरिकास्थित स्ट्यानफोर्ड युनिभर्सिटीका वैज्ञानिकहरूले हालै गरेको एक अध्ययन अनुसार कतिपय अङ्ग उमेरभन्दा पहिले बूढो हुने गरेको पत्ता लगाएका छन् । शरीरको कुन अङ्गको आयु कति छ भन्ने विषयमा पनि अध्ययन केन्द्रित रहेको थियो । कुन अङ्ग फेल भइसकेको वा काम गरि नरहेको हो वा फेल हुने सम्भावना रहेको छ भन्ने कुरा थाहा पाउन सकिने वैज्ञानिकहरूको दाबी रहेको छ । अझ धेरै विशिष्ट कुरा यो पनि पत्ता लागेको छ कि रगतको परीक्षणबाट कुन अङ्गको आयु कति छ भन्ने कुरो पत्ता लगाउन सकिन्छ । यसबारे विस्तृत वा विस्तारपूर्वक अझै अध्ययन भइरहेको छ तर रगत परीक्षणबाट मानव शरीरका धेरै अङ्गको आयु थाहा पाउन सकिने वैज्ञानिकहरूले निष्कर्ष निकालेका छन् ।

रगत परीक्षणबाट मस्तिष्क, मुटु, कलेजो, फोक्सो, आन्द्रा, मिर्गौला, बोसो, रक्तनली, इम्युन टिस्यु, मांसपेशी र प्यान्क्रियाजको अवस्थाबारे थाहा पाउन सकिने वैज्ञानिकहरूको निष्कर्ष रहेको छ । हजारौं वयस्कमाथि गरिएको अनुसन्धान र परीक्षणले पचास वर्षभन्दा माथिका पाँचमध्ये एक स्वस्थ वयस्क व्यक्तिमा उमेरभन्दा छिटो अङ्गको आयु घटिरहेको पाइएको बताइएको छ र प्रत्येक सयमध्ये दुईजनामा कम उमेरमैं विभिन्न अङ्गले काम गर्न छाडिरहेको देखाएको छ । स्वास्थ्यविज्ञहरूले अङ्गहरूको उमेर परीक्षण गरेर जटिल समस्याको समयमैं उपचार गर्न सकिने भएकोले यो अनुसन्धान निकै महत्त्वपूर्ण भएको दाबी गरेका छन् । अनुसन्धानमा सहभागी वैज्ञानिकहरूले उदाहरण दिंदै दाबी गरेका छन् कि मुटुको उमेरको गति पत्ता लगाएर यसबाट हुन सक्ने हृदयाघातको समस्या र मस्तिष्कको उमेर (बुढ्यौली) पत्ता लगाएर डिमेन्सियालगायत समस्याको समाधान खोज्न सकिन्छ । साथै, यो पनि बताएका छन् कि एक वा धेरै अङ्ग छिटो बुढ्यौली हुनुलाई अर्को पन्ध्र वर्षमा निश्चित दीर्घरोगको समस्या देखिने र मृत्युको उच्च जोखिमसँग जोडिएको हुन्छ । यो निकै गम्भीर विषय हो । यसैले यो अध्ययन निकै महत्त्वपूर्ण रहेको छ । यस सम्बन्धमा स्वास्थ्यविज्ञ तथा अनुसन्धानमा सहभागीहरू अत्यन्त गम्भीर किसिमले निष्कर्ष निकालेको अध्ययनले स्पष्ट पारेको छ ।

रगतमा प्रोटिनको मात्रा हुन्छ । रगतमा रहेको प्रोटिनको ढाँचा अनुसार अङ्गको अवस्था पत्ता लगाउन प्रोटिनको स्तरमा परीक्षण गरिएको थियो । अनुसन्धानकर्ताहरूले हजारौं नतीजा र बिरामीका डेटा प्रयोग गरेर भविष्यवाणी गर्न मेशिन–लर्निङ एल्गोरिद्म विधि प्रयोग गरेका थिए । अनुसन्धान गरिरहेको समूहका डा. टोनी वाइस कोरेले भनेका छन्–जब हामीले प्रत्येक व्यक्तिका लागि यी अङ्गहरूको जैविक उमेरलाई गम्भीर रोग नभएका मानिसको समूहसँग तुलना गऱ्यौं, के पत्ता लाग्यो भने १८.४ प्रतिशत व्यक्तिमा कम्तीमा एउटा अङ्ग औसतभन्दा छिटो बूढो भएको थियो । यी व्यक्तिहरूमा पन्ध्र वर्षभित्र कुनै न कुनै समस्या देखिने प्रबल सम्भावना रहेको देखिन्छ । यद्यपि, यसका लागि नियमित स्वास्थ्य परीक्षण गर्न जरूरी देखिएको छ ।

सामान्यतया चालीस वर्षपछि मानिसमा बुढ्यौलीको लक्षण देखिन थाल्छ भन्ने भनाइ छ – चालीसमा घपचालीस अर्थात् चालीस वर्ष नाघेपछि आँखाले पहिलेजस्तो काम गर्दैन वा बिस्तारै आँखाअगाडि अँध्यारोको मात्रा बढ्दै जान्छ । यो बुढ्यौलीको लक्षण हो र यसपछि बूढो हुने क्रम शुरू हुन्छ । हाम्रो सामाजिक वा परम्परागत ग्रामीण मान्यतासँग आधुनिक अनुसन्धानको निष्कर्ष पनि अलिकति मेल खान्छ । अनुसन्धानमा संलग्न वैज्ञानिकहरूले पनि के निष्कर्ष निकालेका छन् भने बुढ्यौलीको प्रक्रिया स्थिर नभएको पाइएको छ । जैविक बुढ्यौलीको प्रक्रिया स्थिर नभएको तर तीस वर्ष, साठी वर्ष र सत्तरी वर्षको उमेरमा अङ्गहरूमा बुढ्यौली तीव्र गतिमा बढ्न थाल्छ । यो पुष्टि भइसकेको कुरा हो । हाम्रो ग्रामीण मान्यताले पनि यस कुरालाई सोझै स्वीकार गर्दछ ।

स्ट्यानफोर्ड युनिभर्सिटीका वैज्ञानिकहरूले दिएको यो अन्तिम निष्कर्ष भने होइन । अनुसन्धान अझै जारी छ । यस अनुसन्धानले एउटा उत्साह भने ल्याउने भएको छ । मानिस छिट्टै बूढो हुँदैन अर्थात् मानिसका केही महत्त्वपूर्ण अङ्गहरूमा बुढ्यौलीको लक्षण देखिन थालेको परीक्षणबाट थाहा हुने भएको छ र यसको उपचार पनि सम्भव हुन्छ । यसबाट मानिसको आयुमा वृद्धि हुने र मानिस बढी स्वस्थ हुने विश्वास गर्न सकिन्छ । वैज्ञानिकहरूले अझै पचास हजारदेखि एक लाख स्वस्थ व्यक्तिमा अध्ययन गर्दा यस विषयमा अझ स्पष्ट हुने बताएका छन् । अन्य वैज्ञानिकहरूले भने एउटा अङ्गको मात्र नभएर, सम्पूर्ण शरीरमा रगतको अवस्था जाँच गर्नुपर्ने बताएका छन् भने कतिपयले यस्तो परीक्षणले मानिसमा स्वास्थ्य समस्याप्रति डर उत्पन्न गर्न सक्ने भएकोले त्यसको समाधानका लागि तयारी गर्नुपर्ने प्रतिक्रिया दिएका छन् ।

रगत परीक्षण पहिलेदेखि नै भइरहेको छ । रगतबाट अनेक किसिमका रोग र शरीरको अवस्थाबारे पहिलेदेखि नै अनेक परीक्षण हुँदै आएको छ । यदि स्ट्यानफोर्ड विश्वविद्यालयका वैज्ञानिकहरूले गरिरहेको अनुसन्धान फलीभूत हुन्छ भने विश्व मानवले धेरै फाइदा पाउने निश्चित देखिन्छ । उमेर पूर्वको बुढ्यौली वा शरीरका महत्त्वपूर्ण अङ्गमा समयभन्दा पहिले आइदिने बुढ्यौलीले मानिसको आयु छोटिने कुरा वा पन्ध्र वर्षपछि कुनै दीर्घरोग रोक्न सक्नु चानचुने उपलब्धि हुनेछैन । वैज्ञानिकहरूको पूर्ण उपलब्धिको प्रतीक्षा सम्पूर्ण मानवलाई रहने छ ।

# विवाहमण्डपमा मेला भर्नेहरूको भीड बढ्दो

नितेश कर्ण, वीरगंज, २७ मङ्सिर/

पुस १ गते परेको विवाह पञ्चमीको मेला हेर्न अहिलेदेखि जनकपुरस्थित रामजानकी मन्दिरमा रहेको रामजानकी विवाहमण्डपमा मानिसहरूको भीड बढेको छ ।



तस्वीरः प्रतीक

यस वर्ष छिमेकी भारतको अयोध्यामा राममन्दिरको उद्घाटन हुने भएकोले मेला भर्न आउनेहरूको सङ्ख्यामा कमी आउने विश्वास गरिएको तर आशा गरेभन्दा बढी भारतीयहरू मेला भर्न आइरहेका जनकपुर उपमहानगरपालिका–१० का अध्यक्ष मिथलेशलाल कर्ण बताउँछन् । उनले अयोध्यामा राममन्दिरको उद्घाटन विवाहपञ्चमीको दिन राखिएकोले भारतीय भक्तजनहरू कम आउने आकलन गरिएको तर आशा गरेभन्दा बढी भक्तजनहरू आउन थालेको बताए । विवाह पञ्चमीभन्दा अगावै मानिसहरूको भीड हुनु र त्यसमा भारतबाट आउनेहरूको सङ्ख्या बढी भएको उनले बताए ।

# आर्थिक मन्दीले १७७ वटा उद्योग बन्द

वीरगंज, २७ मङ्सिर/रासस

आर्थिक मन्दीका कारण पर्सामा आर्थिक वर्ष २०७९/८० मा १७७ उद्योग बन्द भएका छन् । घरेलु तथा साना उद्योग कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा १७७ उद्योगले लगत कट्टा गराएका छन् । आव २०७८/७९ मा पर्सामा १५२ उद्योगले लगत कट्टा गराएका थिए । बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पूँजीको अभावलगायत कारणले उद्योगहरू धमाधम बन्द भएका घरेलु तथा साना उद्योग कार्यालय प्रमुख धनञ्जयकुमार सिंहले बताए ।

घरेलु तथा साना उद्योग कार्यालयमा आर्थिक वर्ष २०७९/८० मा १,०८९ नयाँ उद्योग दर्ता भएका थिए भने आव २०७८/८९ मा १,४८० उद्योग दर्ता भएका थिए । आव २०७९/८० मा १,२७५ उद्योगको नवीकरण, १६५ वटाको पूँजीवृद्धि, ३३ वटाको ठाउँसारी र ८४ वटाको नामसारी भएको सो कार्यालय जनाएको छ । आर्थिक वर्ष २०७९/८० मा रु एक करोड ६ लाख ३९ हजार २५० राजस्व सङ्कलन भएको थियो ।

उक्त आवमा ४,४६० जनाले रोजगार पाएको प्रमुख सिंहले बताए ।

**सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८**

# शिव शनि धामको धार्मिक महत्त्व

विचार



अजयकुमार झा

**सनातन धर्मको यो विशेषता हो कि उसले सम्पूर्ण प्रकृतिलाई समग्रमा र प्रकृतिका हिस्साहरूलाई अंशको रूपमा पृथक पृथक अस्तित्व स्वीकार गर्छ र उसको विशिष्ट स्वभावको आधारमा उसको उपासना गर्छ ।**

सनातन धर्मका मठ, मन्दिर, देवस्थल आदि हरेक गाउँ, टोल, समुदायमा भेटिन्छन्, तर सनातनी तीर्थहरू प्रायः दुर्गम पर्वतमालाहरूमा नै रहेका पाइन्छन्। तीर्थहरू दुर्गम स्थानमैं स्थापित तथा विकसित हुनुका कारणहरू अनेक हुन सक्छन् तर प्रमुख कारणको रूपमा ती तीर्थस्थलहरू कुनै सन्त, संन्यासी, योगी, वैरागी, ऋषि, मुनि, महात्माहरूले निर्माण गरेको हुनुपर्छ, जो परिवार, समाज र मानिसहरूको भीडभाडबाट अलग्ग गएर विकट अन्कन्टार ठाउँमा बसेर साधना र तपस्यामा जीवन समर्पित गर्दथे भन्न सकिन्छ ।

कालान्तरमा धर्मानुरागीहरूमा तीर्थयात्राको रहर र लहर बढ्दै, तीर्थस्थल वरपर तीर्थालुको सेवा र सुविधाको उपलब्धताले बजार र बस्ती बन्दै बढ्दै तथा यातायातको विकास र विस्तार हुँदै गर्दा त्यस्ता दुर्गम स्थानहरू पनि सुगम बन्दै गएका हुन्। यस्तै, तीर्थस्थलको रूपमा सप्तरीको चुरे वन फेंदीमा पनि एक दशकयता एउटा नयाँ ठाउँ विकसित हुँदै आएको छ, जसलाई शिव शनि धाम भनेर चिनिन्छ । चुरिया पर्वतमालाको यस भूभागमा रूपनीमाई, अग्निसाइर, कृष्णाराम मरौटीजस्ता देवस्थल र लोकदेवस्थलहरू धेरै पहिलेदेखि नै रहेका छन्। पछिल्लो समय शिव शनि धाममा भक्तजनको भीड दिन प्रतिदिन बढ्दो छ।

सप्तरीको मध्य उत्तरी क्षेत्र साबिकको तेरहौता गाविस–५ र हालको रूपनी गाउँपालिका–६ अन्तर्गत पर्ने चुरे फेदी दुधैला खोलासँगैको डाँडामा शिव शनि धाम रहेको छ । पूर्व–पश्चिम राजमार्गमा रूपनीदेखि पूर्वतर्फ पाँच किलोमिटर गएपछि वीरेन्द्रबजार आउँछ। वीरेन्द्रबजारको पश्चिमी भाग र मध्यभागबाट गरी दुईवटा बाटो शिव शनि धामतर्फ गएको छ, जुन दुधैला खोला किनार पुगेर आपसमा गासिन्छ। दुधैला खोलालाई पटकपटक पार गर्दै वा खोलैखोला भएर तीन/चार किलोमिटर हिंडेपछि शिव शनि धाम पुग्ने गरिन्छ ।

दुधैला खोला कहिल्यै सुक्दैन, धेरथोर पानी जहिले पनि रहन्छ। वीरेन्द्रबजारबाट शिव शनि धामतर्फ जाने दुइटै बाटाको मुखमा ठूलो पक्की द्वार निर्माण गरिएको छ । पूर्वका आगन्तुक पूर्वीद्वार र पश्चिमका आगन्तुक पश्चिमीद्वारबाट प्रवेश गर्न सकिने भएपनि पश्चिमी द्वारबाट जाने बाटोलाई मूलबाटोको रूपमा विकास गर्न लागिएको छ ।

राजमार्गदेखि दुधैला खोलासम्म खण्डस्मित भइसकेको छ भने ठाउँठाउँमा कालोपत्रेसमेत भइरहेको छ । दुधैला खोलामा पुरानो डाइभर्सनसँगै पक्की पुल निर्माणाधीन छ। यो पुल बनेपछि शिव शनि धामको तीन/चार किलोमिटर लामो बाटो एक किलोमिटरमा छोट्टिनेछ। शिव शनि धाममा बिजुली पुऱ्याउने काम पनि धमाधम भइरहेको छ। शिव शनि धामको पर्यटकीय पूर्वाधारको विकासमा नेपाली सेनाले पनि धेरै काम गरेको छ। यहाँ आसपासमा सेनाको चाँदमारी पोस्ट रहेको छ ।

शिव शनि धाम प्राकृतिकरूपमा नै धर्तीको अद्वितीय अंश हो। कैलाश सदृश्य चुरिया पर्वतको यो शृङ्खला वानस्पतिक दृष्टिले पनि महत्त्वपूर्ण छ । चुरियाको फेद र दुधैला खोला र धारा खोलाको सङ्गममा कैलाश पर्वतजस्तो गजबको डाँडो छ । यसै टाकुरामा तलदेखि माथि टुप्पोसम्म ठाउँठाउँमा देवीदेवताका आकृतिहरू स्थापना गरिएका छन् । सबैभन्दा माथि शिवको प्रतिमा र वृत्ताकारमा १०८ वटा शिवलिङ स्थापना गरिएका छन् भने त्यसमुनिको स्थानमा शनिदेवको प्रतिमा स्थापित छ । त्यस्तै पार्वती, गणेशसहितको पूर्ण शिव परिवार, नन्दी, भैरव, आदि देवता छन्। यहाँ पञ्चमुखी हनुमान, गोरखनाथ, प्रेतराज, नागराज, नवग्रह, महाकालेश्वर, शिव परिवार देवताहरूका मूर्ति पनि राखिएका छन् ।

राजा शलहेश, दिनाभद्रीजस्ता लोकदेवलाई पनि समावेश गरिएको पाइन्छ । दुधैला खोलालाई नाघेर शिव शनि धामको द्वार र परिसरमा प्रवेश गर्न सकिन्छ । तीर्थस्थलमा नियमित पूजापाठका लागि पुजारीहरू पनि बस्छन्। शिव शनि धाममा हरेक सोमवार र शनिवार भक्तजनको भीड हुन्छ । शनिदेवको दर्शन गर्नाले ग्रहशान्ति हुने विश्वास छ। देशकै ग्रहदशा शान्त गर्न र मानवजीवनको कल्याणका लागि समयसमयमा यज्ञ, अष्टयामलगायतका अनुष्ठानसमेत आयोजना गरिन्छन्। करीब २५ वर्षअघि सत्यनारायण साह नामक एक धर्मभिरुले शनिदेवको उक्त शिला स्थापना गरेको बताइन्छ। उक्त शिलाको कारणले उक्त स्थानको नाम शिव शनि धाम भनी प्रचार हुन थाल्यो ।

नव ग्रहमध्येका एक देवता शनिदेव (शनिग्रह)को उपासनाको आधार र कारणबारे पनि परिचित हुन थालेका छन् । शनिदेवद्वारा नै हाम्रो सांसारिक जीवनको कार्यक्षेत्र वा कर्मजीवन सञ्चालित भएको मानिन्छ। मानिसको जन्मकुण्डलीको दशम् भावलाई कर्म, पिता र राज्यपक्षको प्रतीक मानिन्छ भने एकादश भावलाई आय र राज्यसुखको भाव मानिन्छ । त्यसैले कर्म, सत्ता र आयको प्रतिनिधि ग्रह भएका कारणले जन्मकुण्डलीमा शनिको स्थान महत्त्वपूर्ण मानिन्छ ।

शनिदेवलाई न्यायको देवता मानिन्छ। शनिदेवले राम्रो काम गर्नेलाई राम्रो र नराम्रो काम गर्नेका लागि नराम्रो फल दिन्छन् । दोषपूर्ण कर्मका कारण मानिसको जीवनमा शनिदोष प्रत्यक्ष हुन्छ। शनिदोष भएका व्यक्तिले शनिदेवको उपासना गरी आफ्नो जीवनलाई दोषरहित बनाउन सक्छन् । शनिदेवको पूजापश्चात् भगवान् हनुमानको पूजा गर्ने चलन छ ।

जुवा खेल्ने, सट्टेबाजी गर्ने, रक्सी पिउने, ब्याज दिने, व्यभिचार गर्ने, अप्राकृतिक यौन सम्बन्ध राख्ने, झुट्टा गवाही दिने, निर्दोष मानिसलाई यातना दिने, माता, पिता र गुरुको अपमान जस्ता कार्य गर्नाले शनिदोष उत्पन्न हुन्छ। शनिदोष भएका व्यक्तिले जीवनमा दुःख, कष्ट, क्षति, विफलता आदिको सामना गर्नुपर्छ। त्यसैले आम मानिस शनिदेवसँग भयभीत रहन्छन्। तर जागरूक मानिस शनिदेवप्रति श्रद्धा र विश्वास राखेर उनको उपासना गरेर आफ्नो नराम्रा कर्मप्रति प्रायश्चित गरेर दोषमुक्त भएपछि शनिदेवको कृपा प्राप्त गर्छन् । जीवन दुःख, कष्ट, पीडा, विफलताबाट मुक्त हुन्छ ।

पुराणहरूमा शनि ग्रहप्रति अनेक आख्यान देखिन्छन्। शनिदेवलाई सूर्यपुत्र एवं कर्मफल दाता मानिन्छ । शनिलाई पितृ शत्रु पनि भनिन्छ । शनि ग्रहको विषयमा अनेक भ्रम फैलिएका छन् । शनिलाई मारक, अशुभ र दुःखकारक मान्नेहरू छन्। तर शनि मारक, अशुभ र दुःखकारक होइनन् । शनिदेव शत्रु होइनन्, मित्र हुन्। मोक्ष प्रदान गर्ने एक मात्र शनि ग्रह नै हो। शनिले प्रकृतिमा सन्तुलन उत्पन्न गर्छ। प्रत्येक प्राणीका साथ उचित न्याय गर्छ। जसले अनुचित, विषमता र अस्वाभाविकतालाई आश्रय दिन्छ, शनिले केवल उसैलाई दण्डित (प्रताडित) गर्छ। जसले जीवनमा सद्कर्म गर्छ, उसलाई शनिले शुभ योग प्रदान गर्छ ।

वीरेन्द्रबजारदेखि कीरब तीन/चार किलोमिटर उत्तर दुधैला खोला र धारा खोलाको सङ्गममा अवस्थित प्रसिद्ध शिव शनि धाममा दर्शन गर्नका लागि सप्तरी, सुनसरी, सिराहा जिल्लाबाट ठूलो सङ्ख्यामा भक्तजन आउँछन् । धाममा अहिले हुँदै गरेको पूर्वाधार विकासले धार्मिक पर्यटक बढ्दै जाने सम्भावना छ। यस क्षेत्रको पूर्वाधारको विकासमा पूर्व–पश्चिम राजमार्ग तथा रूपनी–राजविराज सहायक मार्गको त ठूलो योगदान रहने नै छ त्यसमा वीरेन्द्रबजार–तेरहौता–राजविराज–फकिरा हुँदै भारतीय सीमासम्म बन्ने सडकले समेत ठूलो सहयोग गर्ने देखिन्छ। उक्त सडक निर्माण भएपछि राजविराजबाट १० किलोमिटर टाढा रहेको पूर्व–पश्चिम राजमार्गसँगको दूरी घटेर छ किमिमा पुग्ने बताइन्छ ।

नवग्रहहरूको कक्ष क्रममा शनि सूर्यदेखि ८८ करोड ६१ लाख माइल दूरीमा पर्छ। पृथ्वीदेखि शनिग्रहको दूरी ७१ करोड ३१ लाख ४३ हजार माइल छ। शनिग्रहको व्यास ७५ हजार १०० माइल छ । शनिग्रह छ माइल प्रतिसेकेन्डको गतिबाट साढे २१ वर्षमा आफ्नो कक्षमा सूर्यको परिक्रमा पूरा गर्छ। शनिग्रहको सतहको तापमान २४० फ़ोरनहाइट छ । शनिग्रहको चारैतिर सातवटा वलय (ग्याँसका घेरा) छन् । शनिग्रहका १५ वटा चन्द्रमा छन्, जसको प्रत्येकको व्यास पृथ्वीभन्दा निकै बढी छ। शनि मूलरूपमा ग्रह नै हो, जसलाई हामी भगवान् मान्छौं ।

'ब्रह्मा मुरारी त्रिपुरान्तकारी भानु शशि भूमिसुतो बुधश्च । गुरुश्च शुक्र शनि राहुकेतवः कुर्वन्तु सर्वे मम सुप्रभातम् ।' भनेर नवग्रहकै पूजा गरिन्छ। नवग्रहमा सूर्य, बुध, शुक्र, पृथ्वी, चन्द्रमा, मङ्गल, गुरु, राहु, केतु पर्छन्। चन्द्रमा, राहु र केतुलाई ग्रहको वैज्ञानिक परिभाषा अनुसार ग्रह मानिंदैन। मानिसको जीवनमा चन्द्रमा, राहु र केतुको पनि विशेष प्रभाव पर्छ। सनातन धर्मको यो विशेषता हो कि उसले सम्पूर्ण प्रकृतिलाई समग्रमा र प्रकृतिका हिस्साहरूलाई अंशको रूपमा पृथक पृथक अस्तित्व स्वीकार गर्छ र उसको विशिष्ट स्वभावको आधारमा उसको उपासना गर्छ । (लेखक इतिहास, संस्कृति र समसामयिक विषयमा जानकार छन् । रासस)


# सचेत रहन वैदेशिक रोजगार विभागको आग्रह

काठमाडौं, २७ मङ्सिर/रासस

वैदेशिक रोजगार विभागले इजरायलमा रोजगारको प्रलोभन देखाउने विभिन्न व्यक्ति तथा समूह सक्रिय रहेको जनाउँदै सचेत रहन आग्रह गरेको छ । नेपाल सरकार र इजरायल सरकारबीचको श्रम सम्झौताबमोजिम मात्रै इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा नेपालबाट सहायक कामदार पठाउने काम भइरहेको विभागका प्रवक्ता तथा सूचना अधिकारी कविराज उप्रेतीले जानकारी दिए ।

उनका अनुसार इजरायलको कृषि क्षेत्रमा नेपाली श्रमिक लैजाने विषयमा इजरायलसँग छलफल भइरहे पनि यस विषयमा कुनै पनि निर्णय भइसकेको छैन। वैदेशिक रोजगार विभागले सार्वजनिक सूचना प्रकाशित गरी कृषि क्षेत्रको 'लर्न एन्ड अर्न' कार्यक्रम तथा अरू क्षेत्रमा रोजगारको अवसर जनाउँदै ठगी गर्ने गिरोह सक्रिय रहेको भन्दै सचेत रहन आग्रहसमेत गरेको छ । यस्तो

(बाँकी चौथो पातामा)



**हिउँले सेताम्य डाँडा र बस्ती** : ठुली भेरी नगरपालिकाको प्रशासकीय केन्द्र जुफाल डोल्पामा हिउँ परेपछि सेताम्य डाँडा र बस्तीहरू । तस्वीरः रासस

# पाँच हजार मिटरब्याज पीडितका समस्या समाधान

काठमाडौं, २७ मङ्सिर/रासस

सरकारद्वारा गठित अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगले निवेदन परेका २८ हजारमध्ये पाँच हजार मधेसका आठ जिल्लाबाट २१ हजार ५५२ र पश्चिम नवलपरासीबाट एक हजार ८६२ निवेदन परेका थिए । सबैभन्दा बढी निवेदन बारामा परेको थियो ।




तस्वीरः सौजन्य

एक सय ५५ उजुरीमा मिलापत्र गरेको छ ।

आयोगका सदस्य पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक उत्तमराज सुवेदीका अनुसार आयोग गठन भएपछि यसरी मिलापत्र गरी २१८ बिघा १० कट्ठा सात धुर जग्गा (७९३ कित्ता) साहुबाट पीडितलाई फिर्ता गराइएको छ ।

अध्ययनका क्रममा पीडित र साहुबीच रु पाँच अर्ब ५७ करोड १९ लाखको लिखत कारोबार भएको पाइएको तर साहुहरूले रु सात अर्ब ६२ करोड ८० लाख असुल हुन बाँकी रहेको भनेर दाबी गरेका पाइएको थियो। त्यसमध्ये कुल रु एक अर्ब ७२ करोड ८६ लाखको कारोबार दुवै पक्षबीचको सहमतिमा मिलापत्र गरी टुङ्ग्याइएको आयोगले जनाएको छ ।

अहिलेसम्मको मिलापत्रपछि साहुको लिखत रु पाँच अर्ब ८९ करोड ९३ लाखबाट घटेर रु चार अर्ब १७ करोड छ लाखमा आइपुगेको समेत आयोगले जानकारी दिएको छ । आयोगले विसं २०८० वैशाख १७ देखि जेठ १४ गतेसम्म पीडितको निवेदन सङ्कलन गरेको थियो।

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले अनुचित लेनदेनको केन्द्र मधेस प्रदेश र पश्चिम नवलपरासी देखिएको बताए। उनका अनुसार हिजो मङ्गलवार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई आयोगले बुझाएको उक्त प्रतिवेदनमा जिल्लागत विवरण र समाधानको विकल्प प्रस्तुत गरिएको छ ।

दुई/चार निवेदन परेका र अहिलेसम्म सुल्झिसकेका २९ जिल्लासमेत गरी ३९ जिल्लामा अनुचित लेनदेनको समस्या नरहेको अध्यक्ष कार्कीले जानकारी दिए ।

सरकारले द्रुतमार्गबाट गत चैतमा पूर्वन्यायाधीश कार्कीको अध्यक्षतामा गठन गरेको तीन सदस्यीय अनुचित लेनदेन ( मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगमा उत्तमराज सुवेदी र गणेशप्रसाद अर्याल सदस्य छन् ।

अनुचित लेनदेनको उजूरी तथा समस्यालाई गृह मन्त्रालय र अन्तर्गतका जिल्ला प्रशासन कार्यालयले टुङ्ग्याउने गरी आयोगले प्रतिवेदन बुझाएको छ । संसद्ले यससम्बन्धी कानूनसमेत पारित गरी कार्यान्वयनमा आइसकेको छ ।

# काठमाडौं महानगरपालिकामा सुर्तीजन्य पदार्थ बिक्रीमा प्रतिबन्ध

काठमाडौं, २७ मङ्सिर/

काठमाडौं महानगरपालिकामा आजदेखि सुर्तीजन्य पदार्थ बिक्री, प्रयोग र कारोबारमा प्रतिबन्ध लगाइएको छ ।




तस्वीरः फाइल

महानगरले ३२ वटै वडामा सुर्तीजन्य पदार्थको बिक्रीमा पूर्ण निषेध गरेको महानगरपालिकाका स्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेलले जानकारी दिए।

उनका अनुसार आजदेखि प्लास्टिकमा प्याक गरिएका सुर्तीजन्य पदार्थको बिक्री, भण्डारण तथा प्रयोग पूर्णरूपमा निषेध गरिएको छ ।

प्लास्टिकमा प्याक गरिएका कच्चा सुर्ती, खैनी, बिंडी, तम्बाखु, सुल्फा, गुट्खा, पानपराग वा यस्तै प्रकृतिका मुखमा राखेर रस लिने सुर्तीजन्य पदार्थको भण्डारण, बिक्री र प्रयोग गर्न नपाइने भन्दै महानगरपालिकाले यही मङ्सिर १२ गते सार्वजनिक सूचना जारी गरेको थियो ।

कसैले बिक्री वितरण गरेको पाइए नगर प्रहरीमार्फत त्यस्ता किसिमका सामग्री जफत गरी कारबाही गरिने सूचनामा उल्लेख छ ।

सुर्तीजन्य वस्तुको प्रयोगले व्यक्तिको स्वास्थ्यमा पारिरहेको नकारात्मक असर रोक्न ऐनको व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न लागिएको स्वास्थ्य विभागका प्रमुख पौडेलले बताए।

महानगरले गत असोज १ गतेदेखि सार्वजनिक ठाउँमा चुरोट र सुर्ती खान रोक लगाएको थियो । महानगरले सार्वजनिक ठाउँ, विमानस्थल, सार्वजनिक शौचालय, मठमन्दिर, पाटीपौवा, विद्यालय, स्वास्थ्य संस्था, बाल तथा वृद्धाश्रम, पसल, पार्कलगायत क्षेत्रमा चुरोट नखान पनि आग्रह गरेको छ । अटेर गर्नेलाई कारबाही गरिने काठमाडौं महानगरले जनाएको छ ।

प्रतीक



# ईरिक्शा– सडक यिनको बिर्ता हो ?

मन्तव्य



कुमारबन्धु रुपाखेती

**तर केही कुलङ्गारहरूले झन्डैझन्डै यसलाई कुरुक्षेत्र बनाउन खोजेका थिए । कुरुक्षेत्र नबने पनि मुलुकभरि वीरगंज महानगरपालिकालाई बदनाम चै गरे है । भन्छन्, गुमनाम हुनुभन्दा बदनाम हुनु राम्रो रे !**

आम नागरिकको सजिलो र सस्तो सार्वजनिक सवारीसाधन हो– ईरिक्शा । वीरगंजका सडकभरि ईरिक्शा गुडिरहेको देखिन्छ । छिमेकी भारतको रक्सौल होस् वा आसपासका गाउँ अथवा वीरगंजका साँघुरा गल्ली जताततै ईरिक्शाबाट पुग्न सकिन्छ । ईरिक्शाकै चल्ते वीरगंजबाट टमटम (टाँगा), ठेला, रिक्शा, टेम्पो आदि लोप हुँदैछन् ।

ईरिक्शाले सवारीका साथसाथै सामानसमेत सजिलै ढुवानी गर्छ, सस्तो पनि छ । तर वीरगंजमा बढ्दो ईरिक्शाको सङ्ख्याले थुप्रै समस्यासमेत निम्त्याएको देखिन्छ । ईरिक्शाको भाडा चालकको मौखिक घोषणामा निर्धारण हुन्छ, जथाभावी रोक्ने, चढाउने, उतार्ने गर्ना जामको समस्या बढेको छ, महानगरमा सडकको क्षमताभन्दा बढी ईरिक्शा देखिन्छ । भरमार ईरिक्शाले गर्दा वीरगंजको तीन नम्बर सडक, सहायक सडक र गल्ली मात्र होइन अक्सर तिलावे पुलनिर पनि जाम रहन्छ । इशारा नगरी जथाभावी रोक्ने, घुमाउने तथा दिशा परिवर्तन गर्नाले दैनिकजसो ईरिक्शा दुर्घटना भइरहन्छन् । रिक्शा आकारका ईरिक्शाले कोचमकोच गरेर यात्रु चढाउने, मालसामान बोकेर गुड्नाले समेत दुर्घटनाको जोखिम बढेको महसूस हुन्छ ।

गनिमत छ कि वीरगंजको मेनरोडमा ईरिक्शा गुड्न प्रतिबन्ध छ । वीरगंजका सहायक सडक र गल्ली गलछेडाहरूमा सडकभन्दा बढी सडकभरि ईरिक्शाको ताती लागेको हुन्छ । ईरिक्शाको निर्धारित पार्किङ क्षेत्र नभएकोले सडकमा जथाभावी ईरिक्शा पार्किङ गरिएको भद्दा दृश्य आम भइसकेको छ । वीरगंज नेपालको प्रदूषित महानगर मानिन्छ । यहाँ श्रीसिया नदीको प्रदूषण, नियमित सफाइ नहुने फोहर बग्ने ठूला नालाहरूको प्रदूषण र अहिले ध्वनि प्रदूषणले महानगरवासी आक्रान्त देखिन्छन् ।

वीरगंज हर्न निषेधित क्षेत्र भनिए पनि बसपार्क, घण्टाघर, महावीरस्थान, माईस्थान, लोहारपट्टीमा एकतमासले गाडीका हर्न बजिरहन्छन्, ध्वनि प्रदूषण भइरहन्छ । मठ, मन्दिर, मस्जिदको कान खाने धार्मिक गीतसङ्गीतले एकाबिहानैदेखि ध्वनि प्रदूषण फैलाइरहेको हुन्छ भने छाडा कुकुरको एकतमासको भुकाइले सुनमा सुगन्ध छरिरहेको हुन्छ ।

स्मरणीय छ, अहिले छाडा कुकुर अथवा घरपालुवा कुकुरहरूमा एक प्रकारको घातक रोगको किटाणु पाइएको छ, जसप्रति हामी धेरैजसो अनभिज्ञ देखिन्छौं । ध्वनि प्रदूषण बढाउन ईरिक्शाको ठूलो योगदान छ । नयाँ ईरिक्शाको त लाइसेन्स नै दिन बन्द गर्नुपर्ने अवस्था छ । भनिन्छ, वीरगंज महानगरका केही क्षेत्रको ध्वनि प्रदूषण स्तर साठी डेसिमलभन्दा माथि छ । विवाहको मौसम भएकोले जोडजोडले डिजे बजाउने, सडकमा निस्कने जन्तीको कानै खाने बाजागाजा, धार्मिक र राजनीतिक लाउडस्पीकरको कर्कस आवाज बजाउनेहरूलाई साठी डेसिमलभन्दा माथिको ध्वनि प्रदूषणले मानसिक अनि विभिन्न रोग निम्त्याउने, बच्चा र वृद्धलाई नकारात्मक असर पार्नेबारेमा कुनै ज्ञान र मतलब भएको देखिंदैन ।

हाम्रो महानगरमा ध्वनि प्रदूषण हटाउने, घटाउने सार्थक कदम उठाउन अबेर भइसकेको छ । लोकरिझाइमा चल्ने कतिपय जिम्मेवार निकाय र पालिकाहरूले यस्ता कार्यहरूलाई बढावा दिने, देख्या नदेख्यै गर्ने, अनसुना गर्नाले समस्या घटनुको साटो बढ्दो छ । एउटा उखान छ– 'अधिकार दिए मात्र मृगले सिंह मार्छ र ! हात्तीले हार पहिरेको कथाले मुलुक चल्छ र ?' कतिपय गाउँलेहरूले ईरिक्शालाई 'हवा हवाई' पनि भन्छन् । ईरिक्शाको चारैतिर खुला भएकोले यसो भनिन्छ रे । अर्को कुरा केही ईरिक्शाहरू रक्सौल, वीरगंजका कालोबजारीया, बलेकियाहरूको पहिलो मनपसन्द र कालोबजारी गर्ने सुलभ साधन बनेको छ । ईरिक्शामा गोप्यरूपमा बनाइएको तहखानाबाट दैनिक लाखौं, करोडौंको सामान वारपार भइरहेको सहजै देख्न सकिन्छ ।

**बाहुबली कि जनप्रतिनिधि**

हिजो मङ्गलवार वीरगंज महानगरमा अचम्मको दृश्य देखियो । सेवाग्राहीहरूको भागाभाग र गुन्डाहरूको प्रवेश । जनप्रतिनिधिको कार्यालयमा बेसरोकारवालाहरूको हुल बाँधेर प्रवेशलाई गुन्डागर्दीको साटो अर्को के उपाधि दिऊँ ? चितवनको जङ्गलमा बेला कुबेला उत्पात मच्चाउने ध्रुवे हात्ती र हाम्रो महानगरका जनप्रतिनिधि उस्तैउस्तै रहेछन् । ध्रुवेले पनि विनाश गर्छ, हाम्राले पनि ।

जाबो एउटा कोठालाई विवादको केन्द्र, प्रतिष्ठा बनाएर जनप्रतिनिधिहरू भिडन्तमा उत्रिनु कतिसम्म जायज हो ? समयमा प्रहरी परिचालित नभएको भए 'कहीं नभएको जात्रा हाडीगाउँमा' हाम्रो महानगरमा देखिने पक्कापक्की थियो । सलाम छ, हाम्रा सुरक्षाकर्मीहरूलाई केहीलाई ठोक बजाएर सम्भावित मारपिटलाई काबुमा ल्याए । भनिन्छ, नगरप्रमुख राजेशमान सिंहलाई रिझाउन र डुबाउन सक्रिय वडाध्यक्षहरूको एउटा टोली यो घटनाका प्रमुख दोषी हुन् ।

वडा कार्यालयमा सेवाग्राहीहरूको काम बेवारिसे बनाएर हुल बाँधेर नगरप्रमुख र उपप्रमुखबीचको रस्साकस्कीमा नगरप्रमुखलाई धाप दिन पुगेकाहरूले नै बेसरोकारको महत्त्वहीन विषयलाई बढाइचढाइ गरिदिए र 'आगलागीमे कुकुर जरी' जस्तै फरार भए । महानगरपालिका न राजेशमानको बिर्ता हो, न इम्तियाजको । महानगरपालिका कार्यालय त नगरवासीहरूको आन, बान र सान हो ।

तर केही कुलङ्गारहरूले झन्डैझन्डै यसलाई कुरुक्षेत्र बनाउन खोजेका थिए । कुरुक्षेत्र नबने पनि मुलुकभरि वीरगंज महानगरपालिकालाई बदनाम चै गरे है । भन्छन्, गुमनाम हुनुभन्दा बदनाम हुनु राम्रो रे ! तर जेसुकै भएपनि 'चोरचोर मौसेरा भाइ'बीचको यो भिडन्त भविष्यमा झन् रोचक र घोचक हुने अनुमान छ । केही समयअघि महानगरका दुईजना जनप्रतिनिधिले कुटाइ खाए ।

जनप्रतिनिधिहरू कुटिने, पिटिने मौसम आरम्भ भएझैं लाग्छ ? 'कहीं पे निगाहे, कहीं पे निशाना' स्तरको यो रगडामा मलाई केहि टुक्का लेख्न मन लाग्यो ।

अति गर्नुहुँदैन अतिले हानि गर्छ,
रूपैले हरिइन् सीता, मारियो क्रूर रावण ।
त्यस्तै,
अत्याचारी घमण्डीको घमण्डै कति टिक्छ र,
गर्दा यादवको खेदो कंस आफैं मरेन र ।
अर्को पनि ।
अतर्कशील चोथाले जे पनि बोल्न खोज्छ,
भानुको घँसिया घाँस बेचथ्यो रे के प्रमाण छ ?
अभिमान बढे मान्छे विनाशतिर बढ्छ,
लङ्का विनाशको गाथा दृष्टान्त बन्न सक्रिय छ ।
अयोग्य हातले छोए बिग्रन्छ मूर्ति सुन्दर,
नरिवल दिए राम्रो ध्वस्त पार्छ बानर ।

हाम्रा लडाकू जनप्रतिनिधिहरूको बारे जति लेखे पनि अरूको खटनपटनमा हिंड्ने निमित्त नायकहरूका लागि 'भैंसके आगे बिन बजाए ...'जस्तै उस्तैउस्तै हो ।

गठबन्धनको नाममा गलामा गला मिलाएर जित्नेहरू अहिले एकअर्काको गला काट्न किन उद्यत छन् । महानगर कार्यालय किन कोलाहलमय भयो ? उत्तर स्पष्ट छ, भतुवा जनप्रतिनिधिहरूको बिगबिगी । भतुवाको अर्थ बुझ्न नेपाली शब्दकोष पल्टाउनुपर्दैन होला । अस्तु ।

## सचेत रहन वैदेशिक ...

खालको ठगीका सम्बन्धमा सूक्ष्म अनुसन्धान भइरहेको र यस्ता सूचना तथा गिरोहको प्रलोभनमा नपर्न विभागद्वारा प्रकाशित उक्त सूचनामा उल्लेख गरिएको छ । इजरायलका विभिन्न क्षेत्रमा रोजगारको प्रलोभन देखाइ विभिन्न व्यक्ति तथा समूहले गैरकानूनीरूपमा प्रलोभनमा पारी रकम उठाउने गरेको सूचना विभागमा आएकाले सचेत रहन आग्रह गरिएको प्रवक्ता तथा सूचना अधिकारी उप्रेतीले बताए । उनले भने, "इजरायलका विभिन्न क्षेत्रमा रोजगारको प्रलोभन देखाइ पैसा माग्ने गरेको भन्ने सूचना हामीलाई प्राप्त भएको छ, हामी छानबीन गर्दैछौं ।"



**सीताराम विवाहपञ्चमी महोत्सव** : जनकपुरधाममा मङ्गलवारदेखि शुरु भएको सप्ताहव्यापी सीताराम विवाहपञ्चमी महोत्सवको दोस्रो दिन बुधवार फूलबारी लीला मनाउने क्रममा जानकी मन्दिर छेउमा रहेको विवाहमण्डप परिसरमा राम, लक्ष्मण तथा सीताको भेषमा सजिएका कलाकारहरू । तस्वीरः रासस

## फरक समाचार

### सस्तो फिटकीरीले फोहोर टायल चम्काउँछ

प्रायः हामी के देख्छौं भने जब मानिसहरू घर सफा गर्छन्, तिनीहरू सधैं भुइँ सफा गर्न डिटर्जेन्ट वा फ्लोर क्लिनर प्रयोग गर्छन् । धेरैपटक मिहिनेत गर्दा पनि भुइँ राम्ररी सफा नहुँदा पहेंलो रहन्छ र फोहोर पनि टाँसिन्छ । अब हामी घरमा रहेको फिटकीरीको टुक्रा प्रयोग गरेर घरमा लाखौं रुपैयाँ मूल्यका टायललाई उज्यालोझैं चम्किलो बनाउन सकिन्छ ।



फिटकीरीलाई धेरै तरीकाले प्रयोग गरिन्छ तर घरको भुइँ चम्काउन पनि फिटकीरी निकै प्रभावकारी मानिन्छ । फिटकीरीले भुइँ सफा गर्नको लागि सबैभन्दा पहिले एउटा भाँडोमा तातोपानी लिएर त्यस भाँडोमा फिटकीरीको सानो टुक्रा राख्नुपर्छ । यसलाई करीब २० मिनेट छोड्नुपर्छ र जब फिटकीरी पानीमा पूर्णरूपमा घुल्छ, तब यसलाई फोहोर भुइँमा खन्याउनुपर्छ । अब भुइँ ब्रसको सहायताले रगडेर सफा गर्नुपर्छ । यसो गर्नाले भुइँ नयाँ जस्तै चम्किलो र सफा हुनेछ ।

भुइँ वा टायलमा भएका जिद्दी दागहरू हटाउन फिटकीरी र कागतीको घोल पनि बनाउन सकिन्छ । यस उपायले भुइँ मात्र होइन, घरको ऐना पनि चम्काउन सकिन्छ । यसलाई बनाउनको लागि सबैभन्दा पहिले एउटा भाँडोमा तातोपानी लिएर त्यसमा फिटकीरीको सानो टुक्रा हालेर २० मिनेटसम्म छोड्नुपर्छ । त्यसपछि त्यसमा कागती मिसाउनुपर्छ र यो मिश्रणलाई ब्रशको मदतले रगडेर टायल सफा गर्नुपर्छ । यसबाट भुइँ पनि छिट्टै सफा हुन्छ । यसरी फिटकीरी प्रयोग गर्नाले हाम्रो घरको भुइँ एकदम सफा र नयाँजस्तो देखिन थाल्छ ।

### चीसो मौसममा थर्मोकोटको रखरखाव

चीसो मौसम आउने बित्तिकै मानिसहरूले स्वेटर र ज्याकेट निकाल्छन् तर दिमागमा सबैभन्दा पहिले थर्मोकोटको कुरा आउँछ । मानिसलाई चीसोबाट



बचाउनको लागि थर्मोकोट धेरै सहयोगी हुन्छ तर मानिसले थर्मोकोटको सम्बन्धमा केही गलती गर्छन्, जसले स्वास्थ्यमा नराम्रो असर गर्न थाल्छ ।

आफ्नो थर्मोकोट समयसमयमा धुनुपर्छ अन्यथा यसले हाम्रो स्वास्थ्यमा नराम्रो प्रभाव पार्न सक्छ ।

चीसो मौसममा आफ्नो थर्मोकोट सफा गर्न गलतीले पनि डिटर्जेन्टको प्रयोग गर्नुहुँदैन । थर्मोकोट जहिले पनि तरल डिटर्जेन्टले धुर्नपर्छ ।

मानिसहरूले थर्मोकोट धुँदा जोडजोडले रगड्छन्, तर थर्मोकोटलाई कहिल्यै पनि जोडले रगड्नुहुँदैन । हल्का हातले राम्ररी धुनुपर्छ ।

थर्मोकोट भण्डारण गर्दा सधैं राम्ररी फोल्ड गर्नुपर्छ, अन्यथा थर्मोकोटको आकारप्रकार बिग्रने र भुवा आउने हुन्छ । त्यसको रङ्ग पनि फिक्का हुन थाल्छ ।

थर्मोकोटलाई लामो समयसम्म भिजाएर राख्यौं भने, त्यसको शरीरलाई तातो पार्ने गुण कम हुन थाल्छ ।

चीसोबाट बच्नको लागि धेरै टाइट थर्मोकोट लगाउनुहुँदैन, अन्यथा सास फेर्न समस्या हुन सक्छ ।

चीसो शुरू हुने बित्तिकै मानिसहरू थर्मोकोट लगाउन थाल्छन् तर यस्तो गर्नुहुँदैन अन्यथा स्वास्थ्यमा नराम्रो असर पर्न सक्छ । हल्का चिसोमा थर्मोकोट लगाउँदा छालामा दाग देखिन सक्छ ।

### निकै उपयोगी हुन्छ अनारको बोक्राको धूलो



अनारको साथै अनारको बोक्राबाट पनि निकै फाइदा लिन सकिन्छ । अनार को बोक्राको धूलोले घाँटी खसखसाउने, पेटको समस्या, खोकी, हाड आदिमा फाइदा पुर्‍याउँछ ।

अनारको बोक्रालाई ३५० डिग्री आगोमा २० मिनेटसम्म भट्टीमा पकाउने, सुकेपछि त्यसलाई मसिनो धूलोमा पिसेर राख्नुपर्छ । अनारको धूलोबाट चिया बनाउन सकिन्छ यस्तो चियाले घाँटी खसखसाउने, खोकी र पेट तथा हाडको समस्या हुन दिंदैन ।

अनारको धूलोमा थोरै कागतीको रस मिसाएर यसको पेस्ट अनुहारमा लगाउँदा अनुहार चम्किलो हुनुको साथै डन्डीफोर, चायापोतो आदिको समस्या हराउँछ ।

अनारको बोक्राको धूलोमा एन्टि–इन्फ्लेमेटरी गुण हुन्छ, जुन पेटको स्वास्थ्यको लागि फाइदाजनक हुन्छ । मुखको अल्सर, गिजा सुन्निने, सासको दुर्गन्ध र अन्य दाँतको समस्या भएपछि यसको धूलो प्रयोग गर्न सकिन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# इरानमा धर्मगुरु हत्या गर्ने व्यक्तिलाई मृत्युदण्ड

तेहरान, २७ मङ्सिर/एएफपी

इरानी अधिकारीहरूले गत अप्रिलमा एक शक्तिशाली धर्मगुरूको हत्या गरेको



धर्मगुरू अयातुल्लाह अब्बास अली सुलेमानी। तस्वीरः फाइल

अभियोगमा एक व्यक्तिलाई मृत्युदण्ड दिएको छ।

देशको सर्वोच्च नेता चयन गर्ने विशेषज्ञहरूको सभाका सदस्य अयातुल्लाह अब्बास अली सुलेमानीको गत अप्रिल २६ मा उत्तरी प्रान्त मजान्दारनको बाबोलसर शहरको एक बैंकमा हत्या गरिएको थियो।

नाम नखुलाइएका ती हत्यारा बैङ्कमा सुरक्षा गार्ड थिए। स्थानीय सञ्चारमाध्यमले सार्वजनिक गरेको सीसीटीभी फुटेजमा 'उनले कुर्सीमा बसिरहेका बेला धर्मगुरूलाई पछाडिबाट गोली हानेको देखिएको' देखिन्छ।

धार्मिक शहीद अयातुल्लाह अब्बास अली सुलेमानीको हत्यारालाई देशको सर्वोच्च अदालतले अनुमोदन गरेपछि आज कासा (प्रतिशोधसम्बन्धी इस्लामिक कानून) को सजाय सुनाइएको छ," न्यायपालिकाको मिजान अनलाइन वेबसाइटमा उल्लेख छ।

इस्लामी कानुनअनुसार पीडित परिवारले दोषीलाई छोड्न सहमत भएमा केसासको सजाय घटाउन सकिन्छ।

७५ वर्षीय सुलेमानी यसअघि सर्वोच्च नेता अयातुल्लाह अली खामेनीका सहयोगी थिए र उनले काशान र जाहेदान शहरमा शुक्रबार हुने इस्लामिक प्रार्थनाको नेतृत्व गर्नेगरेका थिए।

विशेषज्ञहरूको ८८ सदस्यीय सम्मेलनलाई सर्वोच्च नेताको पर्यवेक्षण, बर्खास्ती र चयन गर्ने जिम्मेवारी दिइएको छ। यसको नेतृत्व ९६ वर्षीय धर्मगुरू अहमद जनातीले गरिरहनुभएको छ।

यसका सदस्यहरू आठ वर्षे कार्यकालका लागि निर्वाचित हुन्छन्, तर उनीहरूको उच्च पदस्थ धर्मगुरूबाट अनुगमन हुने गर्छ।

सन् २०२२ को अप्रिलमा इरानको दोस्रो सहर मशादमा छुरा प्रहारबाट दुई धर्मगुरूको मृत्यु भएको थियो। २१ वर्षीय संदिग्ध जिहादी अब्दोलातिफ मोराडीलाई दुई महिनापछि फासी दिइएको थियो।

मानवअधिकारवादी समूह एम्नेस्टी इन्टरनेसनलका अनुसार इरान विश्वमा धेरै मानिसलाई मृत्युदण्ड दिनेमध्येको एक इस्लामिक मुलुक हो।

नर्वेस्थित इरान मानव अधिकार समूहले गत महिना सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार यो वर्ष अहिलेसम्म ६०० भन्दा बढी व्यक्तिलाई मृत्युदण्ड दिइसकेको छ, जुन आठ वर्षयताकै सबैभन्दा बढी हो। रासस

# चीनको अर्थतन्त्र ५.२ प्रतिशतले वृद्धि हुने एडिबीको प्रक्षेपण

मनिला, २७ मङ्सिर/सिन्हवा

एशियाली विकास बैंक (एडिबी)ले एशिया प्रशान्त क्षेत्रका विकासशील अर्थतन्त्रका लागि आफ्नो आर्थिक प्रक्षेपण बढाएको छ। चीनको अर्थतन्त्रमा अपेक्षाभन्दा उच्च वृद्धि भएको एडिबीको प्रतिवेदन बुधवार सार्वजनिक भएको हो।

एशियाली विकास समीक्षा डिसेम्बर २०२३ले तेस्रो त्रैमासिकमा घरायसी उपभोग र सार्वजनिक लगानीमा वृद्धि गरेपछि चीनको अर्थतन्त्र यस वर्ष ५.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ।

क्षेत्रीय अर्थतन्त्र भने यस वर्ष ४.९ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ। जुन अघिल्लो वर्षको सेप्टेम्बरमा ४.७ प्रतिशत प्रक्षेपण गरिएको थियो।




तस्वीरः फाइल

आगामी वर्षको लागि भने ४.८ प्रतिशत प्रक्षेपण कायम गरिएको छ।

उद्योगमा दोहोरो अङ्कको वृद्धिसँगै जुलाई-सेप्टेम्बरमा अर्थतन्त्रको अपेक्षितभन्दा धेरै विस्तार भएपछि भारतको वृद्धिको दृष्टिकोण ६.३ प्रतिशतबाट बढेर ६.७ प्रतिशत पुगेको छ।

एडिबीको प्रतिवेदन अनुसार चीन तथा भारतको स्तरवृद्धिमा उत्पादन क्षेत्रको कमजोर भूमिका देखापरेका कारण दक्षिणपूर्वी एशियाको प्रक्षेपण प्रभावित भएको हो।

उत्पादित सामानको कमजोर निर्यात तथा न्यून मागका कारण यस वर्ष दक्षिणपूर्वी एशियाको वृद्धिदर ४.६ बाट घटेर ४.३ प्रतिशतमा झरेको छ।

प्रतिवेदनका अनुसार मध्य एशियामा अर्थतन्त्रको दृष्टिकोण थोरै बढेको छ भने प्रशान्त क्षेत्रको अर्थतन्त्रका लागि गरिएका अनुमानहरू सबै जसो अपरिवर्तित छन्।

नतीजा प्रभावित हुनुलाई संयुक्त राज्य अमेरिकालगायत उन्नत अर्थतन्त्रमा लगातार बढेको ब्याज दरहरू जिम्मेवार देखिएका छन्।

यसले कमजोर क्षेत्रका अर्थतन्त्रमा उच्च ऋण भएकाहरूमा वित्तीय अस्थिरतामा योगदान पुऱ्याउन सक्छ।

"विकसित एशियाले चुनौतीपूर्ण विश्वव्यापी वातावरणको सामनाका बावजूद बलियो गतिमा वृद्धि भइरहेको एडिबीका प्रमुख अर्थशास्त्री अल्बर्ट पार्कले बताएका छन्।

उनका अनुसार यस क्षेत्रमा मुद्रास्फीति पनि बिस्तारै नियन्त्रणमा आउँदैछ। उच्च विश्वव्यापी ब्याज दरदेखि एल निनोजस्ता जलवायु घटनासम्मका जोखिमहरू बढ्दै छन्। एशिया तथा प्रशान्त क्षेत्रका सरकारहरूले लचिलो अर्थतन्त्र वृद्धि सुनिश्चित गर्न सतर्क रहनु आवश्यक छ।

चालु वर्षका लागि यस क्षेत्रको मुद्रास्फीति दर अघिल्लो ३.६ प्रतिशतको प्रक्षेपणबाट ३.५ प्रतिशतमा झरेको छ। अघिल्लो वर्ष ३.५ प्रतिशतको प्रक्षेपणको बावजुद आगामी वर्ष मुद्रास्फीति ३.६ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ।

एल निनो मौसम ढाँचा वा रूस-युक्रेन द्वन्द्वको कारण हुने सम्भावित खाद्य र ऊर्जा आपूर्ति अवरोधहरूले पनि मुद्रास्फीतिलाई पुनः जगाउन सक्ने सन्दर्भ प्रतिवेदनमा उल्लेख गरिएको छ। रासस

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

## आजको राशिफल

| | |
|---|---|
| मेष – ईश्वरभक्ति | वृष – वादविवाद |
| मिथुन – नारीसुख | कर्कट – शत्रुभय |
| सिंह – कार्यनाश | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – मानहानी |
| धनु – अन्नलाभ | मकर – बेचैनी |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# एमालेले गरेको कामबाट विरोधीहरू आत्तिएका छन् -अध्यक्ष ओली

प्रस, वीरगंज, २७ मङ्सिर/

एमालेका अध्यक्ष केपी शर्मा ओलीले काम गर्ने इच्छाशक्ति हुने हो भने धेरै काम गर्न सकिने बताएका छन्।

गुनासो गरे।

एमालेलाई केही समयको लागि सत्ताबाट हटाएको भएपनि फेरि जनताको बहुमतसहित एमाले सरकारमा पुग्ने उनले लिई योजना बनाउन समृद्धिको लागि सङ्कल्प यात्रा आयोजना गरिएको उनले बताए।

उनले यो अभियानले एमालेले




तस्वीरः प्रतीक

झुलाघाट-चिवाभन्ज्याङ मध्यपहाडी पुष्पलाल लोकमार्ग समृद्धिका लागि सङ्कल्प अभियान अन्तर्गत भोजपुरमा आयोजित कार्यक्रममा अध्यक्ष ओलीले नाकाबन्दी, भूकम्प र कोभिड महामारीको बेलामा पनि नेकपा एमालेले धेरै काम गरेको दाबी गरे।

उनले नेकपा एमाले सरकारबाट हटेपछि भूकम्पपछिको पुनर्निर्माण सबै काम रोकिएको अवस्थामा पुनः नेकपा एमाले सरकारमा गएपछि सबै पुनर्निर्माण काम गरेको स्मरण गराए। यसबाहेक विद्युत्, खानेपानी, सडक, पुल, सिंचाइ, रेल, पूर्वाधारसहित अनेक खालका विकास एमालेले गरेको ओलीले बताए। उनले एमाले सरकारमा भएको बेला धेरै काम भएकाले विरोधीहरू आत्तिएको बताए।

विरोध शक्ति एमालेभित्र घुसेर पार्टी फुटाउने काम गरेका उनले आरोप लगाए। अनेक जाल झेल गरेर, बहुमतको सरकार ढालेर, अदालतको सहारा लिएर समय नै तोकेर दक्षिणपन्थीको हातमा सत्ता जिम्मा लगाउने काम भएको उनले दाबी गरे। एमाले गठबन्धन खोजेर हिंड्ने झन्झट नगर्ने तर कोही राष्ट्रिय शक्ति बन्न आउँछौं भन्छन् भने हात मिलाएर अघि बढ्ने बताए।

सबै सिद्धाउन खोज्दा पनि कसैले सिद्धयाउन नसकेर एमाले पहिलो राष्ट्रिय शक्ति बनेर आएको उनको भनाइ थियो। उनले यतिले पुगेन भन्दै एमालेको लागि एकल बहुमत आवश्यक रहेको बताए। जनताको कुरा सुन्न र जनतासँग प्रत्यक्ष भेटघाट गर्न एमाले जनताको बीचमा आएको उनले प्रस्टचाए। समस्या के के छन् र समाधान कसरी हुन्छ भन्ने सुझाव जनताको समस्या र समाधानका उपायको विषयमा विद्यावारिधि प्राप्त गरेको दाबी गरे।

यो ज्ञान र सीपलाई व्यावहारिक प्रयोगमा ल्याउन २०८४ मा एमालेको एकल बहुमतको सरकार बन्नुपर्ने बताए। गठबन्धन सरकार कुहिएको फल जस्तै भएको बताउँदै ओलीले यो सरकार जति लामो गयो देशको लागि त्यति नै दुर्भाग्य हुने बताए। बैतडीको झुलाघाटबाट मङ्सिर १४ गतेदेखि शुरू भएको यात्रा पुस १ गते पाँचथरको चिवाभन्ज्याङ पुग्ने कार्यक्रम छ।

## बारामा पाँच हजार ...

स्थानमा रहेकाले हिउँदे, वर्षे र वसन्ते गरी तीन प्रकारका बाली लगाउने गरिएको केन्द्रका प्रमुख जीतेन्द्र यादवले जानकारी दिए। तीन प्रकारका बाली लगाउन सकिने भएकाले किसानको यसतर्फ आकर्षण बढेको उनको भनाइ थियो। मकै बालीमा हिउँदे र वसन्ते सिञ्चित क्षेत्रमा र वर्षे कम सिञ्चित क्षेत्रमा खेती हुने केन्द्रका बाली संरक्षण अधिकृत राजनारायणप्रसाद साहले बताए। मकै व्यापारीले किसानको घर, खेतबाटै खरिद गर्ने गरेकाले बजारको समस्या नभएको किसान बताउँछन्।

गत वर्ष विभिन्न जातका हिउँदे मकै पाँच हजार आठ सय ५० हेक्टर क्षेत्रफलमा खेती गर्दा ३७ हजार चार सय ४० मेट्रिकटन मकै उत्पादन भएको केन्द्रका कृषिप्रसार अधिकृत रामजीवन ठाकुरले जानकारी दिए।

पोखरिया नगरपालिका
नगर कार्यपालिका कार्यालय
पोखरिया, पर्सा
मधेस प्रदेश, नेपाल

**दोस्रो पटक सूचना प्रकाशित मिति २०८०/०८/२८**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यस कार्यालयबाट आव २०८०।०८१ को (बाँकी अवधि असार मसान्तसम्मको लागि तपसिल अनुसारका शीर्षकमा शिलबन्दी दरभाउपत्र ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्काको प्रकार | न्यूनतम कबोल अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाट बजार पोखरिया | ३,१७,६२५। | |
| २ | बोकाहा बजार | ३५,२९२। | |
| ३ | जगतपुर मन्नपुर बजार | ४२,०००। | |

**शर्तहरू**

१) ठेक्का अवधि २०८०।०८१ को (बाँकी अवधि) असार मसान्तसम्म हुनेछ।
२) यो सूचना पत्रिकामा दोस्रो पटक प्रकाशित मितिले ७ दिनसम्म इच्छुक व्यक्ति, फर्महरूले बोलपत्र फारम रू १०००। (एक हजार) नगदै तिरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ।
३) दरभाउपत्र फाराम खरिद गरी ८ औं दिन दिनको १:०० बजेसम्म नेपाली नागरिकताको प्रतिलिपि तथा आफूले कबोल गरेको अङ्कको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको **कृषि विकास बैंक, पोखरिया शाखा**मा रहेको धरौटी **खाता नं. ००७२०११८९८५७०३६** मा दाखिला गरेको सक्कलै बेंक भौचर वा ९० दिन म्याद रहेको बैंक ग्यारेन्टी संलग्न राखि शिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गराउन पर्नेछ।
४) यसरी दर्ता भएका शिलबन्दी बोलपत्र सोही दिन ८ औं दिन दिनको २:०० बजे यस पोखरिया नगरपालिकाको कार्यालय पर्सामा खोलिनेछ। सो दिन सार्वजनिक बिदा पर्न गएमा क्रमशः त्यसको भोलिपल्ट दर्ता तथा बोलपत्र खोलिनेछ। कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित दरभाउपत्रलाई मात्र मान्यता दिइनेछ।
५) धरौटी हकमा नेपाली नागरिक भए आफूले कबोल गरेको अङ्कको ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशतका दरले हुन आउने रकम यस कार्यालयको नाममा रहेको **कृषि विकास बैंक, पोखरिया, पर्सा खाता नं. ००७२०११८९८५७०३६** धरौटी खातामा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा ९० दिन म्याद रहेको बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्नेछ।
६) दर्ता भएका शिलबन्दी बोलपत्रहरू विभिन्न कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ। यदी बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा मानिने छैन। बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा क्रमशः त्यसको भोलिपल्ट सोही समयमा बोलपत्र खरिख, दाखिला तथा खोलिने कार्य हुनेछ।
७) ठेक्का रकम ठेकेदारले पहिलो किस्ता आफूले कबुल गरेको ठेक्का रकमको ५० प्रतिशतले हुन आउने रकम चलन पूर्जी लिने दिनमा नगदै बुझाउनु पर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशत रकम २०८१ वैशाख मसान्त भित्र बुझाउनु पर्नेछ। ठेकेदारले पहिलो किस्ता वापतको कबोल अङ्कको ५० प्रतिशत रकम दाखिला गरी बाँकी ५० प्रतिशत रकमको २०८० साल साउन मसान्तसम्म म्याद भएको नेपाल अधिराज्यको कुनै पनि मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको परफरमेन्स बण्ड पेश गरी सम्झौता गर्नु पर्नेछ। ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्काको रकम एकमुष्ठ बुझाएमा १० प्रतिशतसम्म छुट दिन सकिन्छ।
८) ठेकेदारले कबोल अङ्कले १.५ प्रतिशत अग्रिम आयकर तथा १३ प्रतिशत मु.अ.कर समेत यस कार्यालयमा बुझाउनु पर्नेछ।
९) शिलबन्दी ठेक्कासम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र आई बुझ्न सकिनेछ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# आश्रम भवन निर्माणका लागि निजगढमा सप्ताह

प्रस, निजगढ, २७ मङ्सिर/

रु तीन करोडको लागतमा निर्माण सम्पन्न हुने आश्रम भवनको निर्माणका लागि निजगढमा बुधवारदेखि श्रीमदभागवत राष्ट्र शान्ति सप्ताह ज्ञान महायज्ञ शुरू भएको छ ।



तस्वीरः प्रतीक

राष्ट्र शान्ति सप्ताह ज्ञान महायज्ञ मूल समारोह समिति निजगढले आयोजना गरेको महायज्ञको आज सांसद अच्युत मैनालीले उद्घाटन गरेका थिए ।

कार्यक्रममा प्रदेशसभा सदस्य त्रिलोकी चौधरी र मीना लामाले मन्तव्य व्यक्त गरेका थिए । मुख्यमन्त्री आज आउन सकेनन् र भवन शिलान्यास कार्यक्रम स्थगित भयो । अब मुख्यमन्त्री आएको दिन शिलान्यास कार्यक्रम हुने र आज महायज्ञ सञ्चालनको लागि उद्घाटन गरिएको आयोजकले जनाएको छ ।

नेपाल मानव धर्म सेवा समितिका देशभरका शाखाले नौ वर्षअघि देउसीभैलो खेलेर सङ्कलित करीब ९० लाख रुपैयाँबाट निजगढ नगरपालिका–९ मा चार कट्ठा जमीन खरीद गरेको र अहिले उक्त जमीनमा आश्रम भवन निर्माण गर्न सप्ताह ज्ञान महायज्ञ सञ्चालन गरेको महायज्ञ मूल समारोह समिति निजगढका अध्यक्ष अम्बिकाप्रसाद चौलागाईंले बताए ।

मानव धर्मको मूल उद्देश्य मानवजातिलाई सत्सँगरूपी गङ्गासागरमा डुबुल्की लगाइ मानवभित्रको आध्यात्मिक शक्तिस्वरूप भर्गोज्योति प्राप्तिका लागि मानव धर्मका प्रणेता सतपालजी महाराजको धार्मिक उद्देश्यले नियमित सत्सँग, प्रवचन, योग, ध्यानको माध्यमद्वारा समाजमा आध्यात्मिकताको जागरण गराउने हेतुले निजगढमा तीन तले सुविधासम्पन्न पक्की आश्रम निर्माण गर्ने योजनाका साथ सप्ताह ज्ञान महायज्ञ आयोजना गर्न लागिएको संस्थाका सरयू वाइजीले बताइन् ।

महायज्ञको प्रमुख वाचक आचार्य राघव उपाध्याय हुन् । जातजाति, धर्ममा आस्था राख्नेहरूबीच शान्ति, सद्भाव, मित्रता, भाइचारा एंव बौद्धिक सनातन धर्मले सामाजिक सहिष्णुता कायम राख्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने संस्थाका स्वयंसेवक दलका पूर्वसचिव राजन बरालले बताए ।

# नगरप्रमुखको पहलमा अवरोध हटचो

प्रस, पर्सागढी, २७ मङ्सिर/

पर्सागढी नगरपालिका–३ मानव आश्रमदेखि आमोदेवी मन्दिरसम्म करीब तीन किलोमिटर सडक कालोपत्रको कामलाई नगरप्रमुख गोकर्ण पाठकले सुचारु गराएका छन् ।


तस्वीरः प्रतीक

हिजोदेखि तामाकोशी/डीएन्डआर जेभीले सो स्थानमा कालोपत्रे सडक निर्माण गर्न लाग्दा स्थानीयले विवाद सिर्जना गरेपछि ठेकेदार कम्पनीले नगरप्रमुख पाठकलाई निकासका लागि पहल गर्न आग्रह गरेको थियो । नगरप्रमुख पाठक बुधवार सो स्थानमा गएर सरोकारवालाहरूको भेला गराएर विवाद समाधान गरेका थिए । उनले विकास निर्माणको काममा अवरोध नगर्न आग्रह गरे ।

नगरप्रमुख पाठकले नपाका प्राविधिक टोलीले रेखाङ्कन गरिदिएको र सोलाई आधार मानेर ठेकेदार कम्पनीले काम गरिरहेको भन्दै यसमा विवाद नगर्न आग्रह गरे । उनले विकास निर्माणको काममा सबैको साथ र सहयोग आवश्यक हुने बताउँदै कसैप्रति पूर्वाग्रह नगरिने आश्वासन दिए ।

ससाना कुरालाई लिएर विकासका काम अवरोध नगर्न उनको स्थानीयसँग आग्रह थियो । उनले निर्माण कार्य शुरू हुनुअगावै वडास्तरबाट सोबारेमा जानकारी गराइएको बताए । उनले कुनै पनि समस्या आइपरेमा आफू वा नपालाई सोबारेमा जानकारी गराउन आग्रह गर्दै विकासको काममा अवरोध सिर्जना नगर्न सुझाए ।

तीन किलोमिटर सडक कालोपत्र गर्न सवा दुई करोडमा ठेकेदार कम्पनीले सकार गरेको छ ।

# बारामा पाँच हजार आठ सय हेक्टरमा मकैखेती

कलैया (बारा), २७ मङ्सिर/रासस

बारामा यसवर्ष पाँच हजार आठ सय ६० हेक्टर क्षेत्रफलमा मकैखेती भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

खाद्यान्य बालीमा मकैबाली तेस्रो

(बाँकी पाँचौं पातामा)








## माछाले बचाएको ...

गङ्टो, घोगी पनि ल्याएर बिक्री गर्दै आएको बताइन् ।

अहिले ग्रामीण भेगमा खेतीपाती तथा अन्य क्षेत्रको काम नभएको स्थानीय माथुर माझी मुसहर बताउँछन् । धान कटानी भयो, गहुँको बीउ छरिसकियो, खेतीपातीको बेला मल बीउ छर्ने, सिंचाइ गर्ने, काट्ने, गोडमेलगायतका कामहरू गर्दै आएको तर अहिले ती काम नभएकाले घरमैं बस्नुपरेको उनले बताए ।

स्थानीय वडा र गापाले मुसहर जातिको विकासका लागि उनीहरूलाई सीपमूलक तालीम दिएर दक्ष बनाउने प्रयास पनि गरेको छैन । जसले गर्दा उनीहरू परम्परागत ज्याला मजदूरी र माछा मार्ने कार्यमा मात्र संलग्न हुँदै आएका छन् ।

बुबाआमाहरू काममा जाने गरेकाले यो बस्तीका अधिकांश बालबालिकाले विद्यालयको मुख हेर्न पाएका छैनन् । घर हेर्ने, भाइबहिनी खेलाउने, वस्तु चराउने जस्ता कार्यमा घरपरिवारलाई सघाउँदै आएकाले यहाँका बालबालिकाहरूले विद्यालयको मुख हेर्न नपाएका हुन् ।

## एक क्षेत्र एक सडक ...

ठीक नहुने भनी आफूलाई धम्की दिएर गएको बताए । कार्यालय प्रमुख मिश्रले ठेकेदारको ढिलासुस्तीले स्थानीय जनता पनि आक्रोशित भएको बताए । उनले कतिपय स्थानमा घरअगाडि नाला निर्माण गर्न खाल्डो खनेर अहिलेसम्म काम नगर्दा आवतजावतमा पनि समस्या भएको र त्यस्ता व्यक्तिहरूले धम्क्याउन थालेको बताए । सडकहरू पनि भताभुङ्ग बनाइएको छ, त्यसबापत पनि अलगबाट गाली खानुपरिरहेको उनले बताए । उनले समयमा ठेकेदारले काम नगर्दा यो योजनाको थप बजेट पनि नआएको बताए ।

पर्सा जिल्लाका आठवटा क्षेत्रमा पाँच/पाँच किलोमिटर सडक कालोपत्र गर्न शिवाको कन्स्ट्रक्सनले ठेक्का पाएको छ ।

ठेकेदार कम्पनीले आठवटा क्षेत्रमा ४० किलोमिटर सडक कालोपत्र गर्न रु सात करोडमा ठेक्का सकार गरेकोमा रु एक करोड पेश्की लिइसकेको छ । वीरगंज महानगरपालिका–३२ परसवाको कियासोतपुलदेखि जनता सडक रामजानकी मन्दिर हुँदै रामवनसम्म, वीरगंजको लक्ष्मणवा, भिस्वा, नगवा, इनर्वासम्म, रामपुर गण्डक नहरदेखि बहुअर्वा पचरूखी हुँदै हरपुरसम्म, श्रीसिया सीमादेखि ड्राइपोर्ट अठराहा सुगौलीबिर्ता अपौनीसम्म, गुलरिया चोकदेखि वडा कार्यालय हुँदै पटेर्वासुगौली गापा–३ सम्म, धोरे, पकाहामैनपुरदेखि पोखरियासम्म, ठोरी गापा–५ बाघमोर्चा खोलापुलबाट पूर्व सुवर्णपुर डाँडाचोक हुँदै गम्हरिया महादेवपट्टिसम्म, सबैठवादेखि भेडिहारी हरिहरपुर हुँदै गण्डक नहरसम्म ४० किलोमिटर सडक कालोपत्र गर्न शिवाकोले ठेक्का लिएको हो । शिवाकोको नाममा पप्पुले काम शुरू गरेको तर अहिलेसम्म यो योजनाको कुनै पनि खण्ड पूरा गरेको छैन ।

# खेलकूदको संसार

## मेयरकप टी-२० क्रिकेट : सखुवाप्रसौनी विजयी

दिनेश मिश्र, वीरगंज, २७ मङ्सिर/

पोखरिया नगरपालिका कार्यालयको सहयोगमा पोखरिया नपा–६ वडा कार्यालयद्वारा आयोजित पाँचौं मेयरकप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत बुधवार सम्पन्न खेलमा बहुदरमाई नगरपालिकालाई सखुवाप्रसौनी गाउँपालिकाले पराजित गरेको छ ।


तस्वीरः प्रतीक

पोखरियाको शेरा खेलमैदानमा जारी प्रतियोगितामा आज टस जितेर बहुदरमाई नपाले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १०८ रन बनाएको थियो । प्रतिउत्तरमा सखुवाप्रसौनी गापाले १७ ओभरमा सात विकेट गुमाएर लक्ष्य हासिल गर्दै जितेको थियो । आजको खेलमा २५ बलमा ३८ रन जोडेका सखुवाप्रसौनी गापाका आदित कुमार 'म्यान अफ दी म्याच' घोषित भए ।

भोलि बिहीवार धोबिनी गापा र विन्ध्यवासिनी गापाबीच खेल हुने आयोजक कमिटीले जनाएको छ ।

## नेपाल सुपर लिग फूटबल : वीरगञ्जको जीत

काठमाडौं, २७ मङ्सिर/रासस

राजधानीमा जारी नेपाल सुपर लिग फूटबल प्रतियोगितामा वीरगंज युनाइटेड फूटबल क्लब विजयी भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भर्खरै सम्पन्न खेलमा वीरगंजले स्पोर्टिङ इलामलाई २–१ गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । खेलमा शुरूआती अग्रता भने इलामले लियो । इलामका आशिष चापागाईंले खेलको १५औं मिनेटमा गोल गर्दै पहिलो अग्रता लिएका हुन् ।

तर इलामको त्यो एक शुन्य गोलको अग्रता लामो समयसम्म टिक्न सकेन । वीरगंजका भिषण गुरूङले खेलको ३३औं मिनेटमा एक गोल फर्काउँदै खेललाई एक/एक गोलको बरारीमा ल्याए । त्यसपछि खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा वीरगंजका विलियम ओपोकुको पेनाल्टीमा गोल गर्दै आफ्नो टोलीको जीत पक्का गरे ।

खेलको दोस्रो हाफको अतिरिक्त समयमा इलामका आशिष गुरूङले सुनिल खड्कालाई बक्सभित्र फल गरेपछि वीरगंजले पेनाल्टी पाएको थियो । जसमा विलियम ओपोकुले गोल गर्न सफल भए । यस जीतसँगै वीरगंजले पाँच खेलमा ५ अङ्क जोडेको छ । इलामको ६ खेलमा ४ अङ्क रहेको छ ।

# भन्सार छलीका समान बरामद, गाँजाखेती फँडानी

प्रस, वीरगंज, २७ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, बाराले भन्सार छलीका सामान बरामद गरेको छ ।

जिप्रका, बाराका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले इलाका प्रहरी कार्यालय जीतपुरसिमराले हिजो मङ्गलवार राति साढे १० बजे ना.७ख ८८२२ नम्बरको यात्रुवाहक बसबाट टेन्टको कपडा, सोमा प्रयोग हुने फूलहरू र सय किलो सिद्रा माछा बरामद गरेको बताए । यसैगरी, इप्रका, अमलेखगंजले आज बा प्र ०३–००१ च १४३० र १२७८ नम्बरको पिकअपबाट अढाई/अढाई हजार किलो भन्सार छलीका प्याज बरामद गरेको उनले बताए ।


तस्वीरः सौजन्य


## जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुनः प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड